# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३१८ | काठमाडौँ | बुधबार, ०४ चैत २०८२ | Prabhab National Daily | Wednesday, 18 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**डढेलोबाट जोगिऔं र जोगाऔं ।**

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, डढेलोबाट जोगिन
- जथाभावीरुपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरुपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरूद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# जनतालाई महँगीको बोझ थप्दै सरकार

## पेट्रोलियम पदार्थको मूल्य बढेको मौका छोपेर सार्वजनिक यातायातको भाडा बढाउने तयारी

इन्धनको मूल्य बढेको बढ्यै छ । तर मूल्य समायोजन नभएको दुई वर्ष भइसक्यो । त्यसैले अहिले नियमित समायोजन हो । स्वचालित त हुनुपर्‍यो नि !

**विजय स्वार**
अध्यक्ष, नेपाल यातायात व्यवसायी महासंघ

यातायात महासंघले दुई वर्षअघि भाडा बढाएको थियो । त्यसपछि पेट्रोलियम पदार्थको भाउ कतिपटक घट्यो ? त्यो सरकारले पनि हेर्नुपर्ने हो । तर भाडा घटाएन । अहिले समाजलाई अप्ठेरो परेको बेला भाडा बढाउन खोज्नु लुटतन्त्र मच्चाउनु हो ।

**प्रेमलाल महर्जन**
अध्यक्ष, राष्ट्रिय उपभोक्ता मञ्च

यसपटक मूल्यवृद्धिमा पाँच प्रतिशतको सीमा कटेको छ । त्यसैले भाडा छिट्टै बढाउने तयारी छ । यसबारे छलफल चलिरहेको छ ।

**श्रीकान्त यादव**
निर्देशक, यातायात व्यवस्था विभाग



*एआईद्वारा सिर्जित प्रतीकात्मक तस्बिर*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पेट्रोलियम पदार्थको मूल्य बढेको मौका छोपेर यातायात व्यवस्था विभागले देशभर सञ्चालन हुने सार्वजनिक यातायातको भाडा बढाउने तयारी गरेको छ। चैत १ देखि पेट्रोलियम पदार्थको मूल्य बढेको विषयलाई आधार मानेर विभागले भाडा बढाउने तयारी थालेको हो ।

इजरायल-इरानबीचको द्वन्द्वका कारण पेट्रोलियम पदार्थको मूल्य अन्तर र्राष्ट्रिय बजारमा उच्च हुँदा नेपालमा पनि महँगिएको छ । नेपाल आयल निगमले सोमबार रातिदेखि डिजेल मूल्य लिटरमा १० रुपैयाँ र पेट्रोल मूल्य लिटरमा १५ रुपैयाँ बढाएसँगै यसैलाई आधार बनाएर सार्वजनिक यातायातको भाडा बढाउन लागेको हो ।

व्यवसायीले विभिन्न सूचकहरुलाई आधार देखाउँदै ६५ प्रतिशतसम्म भाडा बढाउन दबाब दिएको विभागका अधिकारीहरु बताउँछन् । यद्यपि, व्यवसायीले भनेकै आधारमा सतप्रतिशत भाडा नबढ्ने विभागका निर्देशक श्रीकान्त यादवले बताए । भाडा समायोजन नभएको धेरै भइसकेको भन्दै यातायात व्यवसायीले दबाब दिन थालेपछि विभागले भाडा बढाउन लागेको यादवले बताए । यद्यपि, वैज्ञानिक भाडा प्रणालीअनुसार मात्र सार्वजनिक सवारीसाधनको भाडा बढ्ने यादव बताउँछन् । 'यसपटक मूल्यवृद्धिमा पाँच प्रतिशतको 'थ्रेसहोल्ड' कटेको छ । त्यसैले भाडा छिट्टै बढाउने तयारी छ । यसबारे छलफल चलिरहेको छ,' निर्देशक यादवले भने ।

स्वचालित प्रणालीअनुसार इन्धनको मूल्य करिब सात रुपैयाँ बढेपछि पाँच प्रतिशतको 'थ्रेसहोल्ड' कट्ने र योसँगै भाडादर समायोजन गर्ने सहमति यसअघि नै भएको हो । भाडादर बढाउँदा ३५ प्रतिशत पेट्रोलियम पदार्थको मूल्यलाई आधार मानिने गर्छ । यसैगरी सवारीसाधनमा काम गर्ने कर्मचारीका तलब, मर्मतसम्भार खर्च, ब्याजदर, टायर, लुब्रिकेन्टजस्ता खर्चलाई ६५ प्रतिशत खर्च भार मान्ने सहमति छ ।

निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएसँगै नेपाल यातायात व्यवसायी महासंघ र ट्रक व्यवसायी महासंघले भाडा समायोजनका लागि दबाब दिएका हुन् । भाडा समायोजन नभएको धेरै समय भइसकेकोले यसपटक बढाउनुपर्ने अवस्था आएको महासंघका अध्यक्ष विजय स्वाँरले बताए । 'इन्धनको मूल्य बढेको बढ्यै छ । तर मूल्य समायोजन नभएको दुई वर्ष भइसक्यो । त्यसैले अहिले नियमित समायोजन हो । स्वचालित त हुनुपर्‍यो नि !,' अध्यक्ष स्वाँरले भने । भाडा छिटो बढाउन सरकारलाई आफूहरुले आग्रह गरिसकेको उनले बताए ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जन भने पेट्रोलिय पदार्थको मूल्य एकोहोरो घट्दा भाडा नघट्ने तर अहिले बढाउन खोज्नु असान्दर्भिक भएको बताउँछन् । 'महासंघले दुई वर्षअघि भाडा बढाएको थियो । त्यसपछि पेट्रोलियम पदार्थको भाउ कतिपटक घट्यो ? त्यो सरकारले पनि हेर्नुपर्ने हो । तर भाडा घटाएन ।

क्रमशः पृष्ठ २ मा

# प्रधानमन्त्री बन्दै बालेन

## चैत १० भित्रै नियुक्त गर्ने तयारी

- निर्वाचन आयोगले भोलि बिहीबार समानुपातिक सांसदलाई निर्वाचित भएको प्रमाणपत्र दिने
- बिहीबार नै निर्वाचन प्रतिवेदन राष्ट्रपतिलाई बुझाउने आयोगको तयारी
- बालेन रास्वपा संसदीय दलको नेता चयन हुन बाँकी



■ **जेबी योञ्जन**

**काठमाडौं–** ३६ वर्षीय बालेन्द्र (बालेन) शाहले गत माघ ५ गते जनकपुर पुगेर 'मधेसको छोरा प्रधानमन्त्री बन्नेवाला' रहेको बताए । आफूलाई चुनावअघि सम्भावित प्रधानमन्त्रीका रूपमा सार्वजनिकरूपमा प्रस्तुत गरेका बालेन झापा-५ बाट निर्वाचित भएर आएसँगै प्रधानमन्त्री बन्ने लगभग निश्चित बनेको छ । र, अबको केही दिनभित्रै उनी प्रधानमन्त्री नियुक्त हुँदै छन् ।

तर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बाले प्रधानमन्त्री बन्न पार्टी सभापति रवि लामिछानेले पूर्ववत् सहमति पालना गर्नुपर्ने छ । लामिछानेले तोडेर आफैं प्रधानमन्त्री बन्न अग्रसर हुनसक्ने आकलन पनि केहीले गरेका छन् । यद्यपि, हाल अस्वस्थ रहेका सभापति लामिछानेले त्यस्तो स्पष्ट संकेत दिएका छैनन् ।

बालेन प्रधानमन्त्री भए पहिलो मधेसी नागरिक देशको कार्यकारी प्रमुख बन्ने छन् । यसअघि कोही पनि मधेसी नागरिक प्रधानमन्त्री बनेका छैनन् ।

रास्वपा सांसद तथा पूर्वशिक्षामन्त्री शिशिर खनालका अनुसार यही चैतको १० गतेभित्र बालेन प्रधानमन्त्री बन्ने छन् । 'यही दिन उहाँ (बालेन) प्रधानमन्त्री बन्नुहुन्छ भनेर त म भन्न सक्दिनँ तर के भन्न सक्छु भने देशले नयाँ प्रधानमन्त्री चैत दोस्रो साताको सुरुआततिरै पाउन सक्छ । त्यो भनेको ९-१० गतेतिर हुन सक्ला,' उनले प्रभावसँग भने ।



यही दिन उहाँ (बालेन) प्रधानमन्त्री बन्नुहुन्छ भनेर त म भन्न सक्दिनँ तर देशले नयाँ प्रधानमन्त्री चैत दोस्रो साताको सुरूआततिरै पाउन सक्छ । त्यो भनेको ९-१० गतेतिर हुन सक्ला

**शिशिर खनाल**
सांसद, रास्वपा

संविधानतः निर्वाचन परिणाम सार्वजनिक भएको ३५ दिनभित्र देशले नयाँ प्रधानमन्त्री पाइसक्नुपर्छ । प्रत्यक्ष र समानुपातिकतर्फको निर्वाचन परिणाम निर्वाचन आयोगले जारी गरिसकेको छ । तर, समानुपातिकतर्फ निर्वाचित सांसदहरूले निर्वाचित भएको प्रमाणपत्र आयोगबाट पाउन बाँकी छ । आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार बिहीबारसम्ममा निर्वाचन प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाउने तयारी भएको हुनाले त्यसअघि नै निर्वाचित भएको प्रमाणपत्र समानुपातिक सांसदहरूलाई दिइने छ ।

हालसम्म प्रत्यक्षतर्फका १६५ जना सांसदलेमात्रै निर्वाचित भएको प्रमाणपत्र आयोगबाट प्राप्त गरेका छन् । आयोगले अब समानुपातिकतर्फका सांसदलाई पनि निर्वाचित भएको प्रमाणपत्र दिएपछि राष्ट्रपतिलाई निर्वाचन प्रतिवेदन आयोगले बुझाएसँगै सरकार गठनको औपचारिक प्रक्रिया प्रारम्भ हुने संवैधानिक कानुनका जानकारी डा. विपिन अधिकारीले बताए ।

उनका अनुसार नेपालको संविधानले सरकार गठनको प्रक्रिया स्पष्ट रूपमा निर्धारण गरेको छ ।

क्रमशः पृष्ठ २ मा


**नागरिक लगानी कोष**

**सहभागीहरूलाई कोषले प्रदान गर्ने धितोमा आधारित कर्जासम्बन्धी जानकारी**

| विवरण / शीर्षक | आवास कर्जा (घर खरिद/घर निर्माण) | जग्गा खरिद कर्जा | घर मर्मत /फिनिसिङ | सरल कर्जा (सामाजिक कार्यका लागि) | सवारी कर्जा |
|---|---|---|---|---|---|
| योग्य हुने समय सीमा | २ वर्ष नियमित कोष कट्टी भएको । | २ वर्ष नियमित कोष कट्टी भएको । | २ वर्ष नियमित कोष कट्टी भएको । | २ वर्ष नियमित कोष कट्टी भएको । | २ वर्ष नियमित कोष कट्टी भएको । |
| कर्जा रकमको सीमा | सुरु तलबमानको २० वर्षबराबरको तलब वा रु.१ करोड (पति/पत्नी दुवै जना कोषको सहभागी भएमा रु.१ करोड ५० लाख) मध्ये जुन कम हुन्छ । | सुरु तलबमानको २० वर्ष बराबरको तलब वा रु. ७५ लाखमध्ये जुन कम हुन्छ । | अधिकतम रु. २५ लाख सम्म । | न्यूनतम रु. ५ लाख, अधिकतम रु. ५० लाखसम्म । | सुरु तलवमानको १० बर्षको रकम वा अधिकतम रु. ५० लाखसम्म । |
| धितो सूरक्षण (धितो मूल्यांकन कर्जा कार्यविधिअनुरुप हुने) | घर जग्गा | घर जग्गा | घर जग्गा | घर जग्गा | सवारीसाधन/थप धितो |
| कर्जाको अवधि | २० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । | २० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । | २० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । | ५ वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । सेवा अवधिभित्र नवीकरण गर्न सकिने । | ७ बर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । |
| किस्ता भुक्तानीसम्बन्धी व्यवस्था | आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता । | आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता । | आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता । | आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता । | मासिक किस्ताबन्दी । |
| ब्याजदर * | ७ प्रतिशत | ७ प्रतिशत | ७ प्रतिशत | ७.२५ प्रतिशत | ७.२५ प्रतिशत |
| छुटसम्बन्धी व्यवस्था | आर्थिक वर्षमा पाकेको सम्पूर्ण ब्याज पुस मसान्त र असार मसान्तमा नियमित ब्याज भुक्तानी गरेमा ब्याज रकमको ०.५ प्रतिशत छुट प्रदान गरिनेछ । | | | | |

*समय समयमा पुनरावलोकन हुन सक्नेछ ।

थप जानकारीका लागि :
**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय नयाँ बानेश्वर, काठमाडौं । सम्पर्क नं ०१-५९७०२०१
शाखा कार्यालयहरू:
विराटनगर : ०२१-४७४९९६, जनकपुर : ०४१-५९१२३६/३७, पोखरा : ०६१-५४३२३४,
बुटवल : ०७१-५३४५२१, सुर्खेत : ०८३-५९०३४९४, धनगढी : ०९१-५९०३२५


**सन्दर्भ: वैदेशिक रोजगार**

# मध्यपूर्वका सात मुलुकका लागि खुलाइयो पुनःश्रम स्वीकृति

- साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (युएई), कतार, ओमान, यमन, जोर्डन र टर्कीको श्रम स्वीकृति नवीकरण हुने
- इरान, इजरायल, बहराइन, कुवेत, इराक र लेबनानका लागि भने पुनः श्रम स्वीकृति अझै स्थगनमै




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले मध्यपूर्वका सात मुलुकका लागि पुनः श्रम स्वीकृति खुला गरेको छ । मध्यपूर्वमा जारी द्वन्द्वका कारण बन्द गरिएको पुनः श्रम स्वीकृति खुलाउने निर्णय गरिएको मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जानकारी दिएको छ ।

यो निर्णयसँगै साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (युएई), कतार, ओमान, यमन, जोर्डन र टर्कीको श्रम स्वीकृति नवीकरण हुने भएको छ । इरान, इजरायल, बहराइन, कुवेत, इराक र लेबनानका लागि भने पुनः श्रम स्वीकृति अझै स्थगनमै राखिएको छ ।

मन्त्रालयले मंगलबार जारी गरेको विज्ञप्तिमा पुनः श्रम स्वीकृति खुलाउन चौतर्फी दबाब आएकाले उक्त निर्णय भएको जनाएको छ । सम्बन्धित देशका गैरआवासीय नेपाली संघ, दूतावासहरु तथा श्रम स्वीकृति समाप्त भएर पुनः नवीकरण गर्न नपाएका श्रमिकहरुले विभिन्न माध्यमबाट पुनः श्रम स्वीकृति खुलाउन माग गरेको विज्ञप्तिमा उल्लेख छ । साथै, मंगलबार नै परराष्ट्र मन्त्रालयले सो विषयको सम्बोधन गर्न सिफारिस गरेको र वैदेशिक रोजगार विभागलेसमेत पत्राचार गरेकाले खुलाउने निर्णय भएको मन्त्रालयले जनाएको छ ।

गत फागुन १६ गते शनिबारदेखि इजरायल-अमेरिका र इरानबीच युद्ध सुरु भएको थियो । श्रम मन्त्रालयले फागुन १७ गते सुरक्षा संवेदनशीलताका कारण भन्दै मध्यपूर्वका १२ मुलुकमा व्यक्तिगत र संस्थागत श्रम स्वीकृति दिने कार्य स्थगन गरेको थियो ।

मध्यपूर्व नेपालीहरुको प्रमुख श्रम गन्तव्य हो । हाल त्यस क्षेत्रमा १७ लाख २९ हजारभन्दा बढी नेपाली कार्यरत रहेको परराष्ट्रको तथ्यांक छ । जसमध्ये युएईमा सबैभन्दा धेरै सात लाख नेपाली छन् । त्यस्तै, साउदीमा तीन लाख ८४ हजार, कतारमा तीन लाख ५७ हजार, कुवेतमा एक लाख ७५ हजार, ओमानमा २५ हजार, बहराइनमा २८ हजार, इराकमा ३० हजार, साइप्रसमा १७ हजार, इजरायलमा छ हजार ५००, लेबनानमा एक हजार ५००, इजिप्टमा ५०० तथा इरानमा छ जना छन् ।

अघिल्लो आर्थिक वर्षको तथ्यांक हेर्दा तीन लाख ३३ हजार ३०९ जना श्रम स्वीकृति नवीकरण गरेर रोजगारीमा गएका थिए । जसअनुसार दैनिक औसतमा ९१३ जना गएको देखिन्छ । यसरी दैनिक ६०० भन्दा बढी पुनः श्रम स्वीकृति लिएर मध्यपूर्वका देशहरुमा जाने गरेका छन् । श्रम स्वीकृति रोकिएको १८ दिनभन्दा बढी भइसक्दा मध्यपूर्वबाट छुट्टीमा आएका करिब १० हजार श्रमिक जान नपाएको देखिएको छ ।

सरकारले मध्यपूर्वको सुरक्षा अवस्था केही सामान्य भएको तथा बढी नेपाली कार्यरत क्षेत्रमा श्रम स्वीकृति नवीकरण खुलाएको बुझिएको छ । साथै, सम्बन्धित मुलुकका दूतावास तथा गैरआवासीय संघले नै आग्रह गर्नुले उक्त मुलुकमा श्रमिकको अवस्था जोखिमपूर्ण नरहेको अनुमान गर्न सकिन्छ ।

क्रमशः पृष्ठ २ मा

# अर्घाखाँचीमा वन डढेलो नियन्त्रण टोली गठन

**अर्घाखाँची–** डिभिजन वन कार्यालयले यहाँस्थित वन डढेलो नियन्त्रण तथा डढेलोबाट हुनसक्ने क्षति न्यूनीकरणका गर्न विभिन्न कार्यक्रम सञ्चालन गरेको छ ।

डिभिजन वन कार्यालयका सूचना अधिकारी केशर खड्काले वन डढेलो नियन्त्रण र जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन विशेष वन डढेलो नियन्त्रण दस्ताको नियुक्ति गरिएको जानकारी दिए । डिभिजन वन कार्यालयको नेतृत्वमा गठन गरिएको उक्त दस्तामा १२ सदस्यीय टोली रहने व्यवस्था मिलाइएको छ । टोलीलाई आवश्यक उपकरण तथा मिनी दमकलसहित तयारी अवस्थामा राखिएको छ ।

सूचना अधिकारी खड्काका अनुसार उक्त १२ सदस्यीय टोलीलाई अगामी जेठ मसान्तसम्म जिल्लाभर परिचालन गर्ने गरी व्यवस्थापन मिलाइएको छ । डढेलोको जोखिम बढी हुने समयलाई लक्षित गरी टोलीलाई विभिन्न वन क्षेत्रमा निगरानी तथा तत्काल नियन्त्रणका लागि खटाइने उनले जानकारी दिएका छन् ।

सप्ताहको सुरुआतसँगै सरोकारवाला निकायबीच अन्तरक्रिया कार्यक्रम पनि आयोजना गरिएको थियो । कार्यक्रममा वरिष्ठ वन अधिकृत सन्तबहादुर थिङ, रामबहादुर घलान, भू तथा जलाधार कार्यालयका प्रमुख राकेश कुँवर, अधिकृत अरुण आचार्यलगायत स्थानीय तहका प्रतिनिधि, सुरक्षाकर्मी, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि तथा अन्य सरोकारवालाको सहभागिता रहेको थियो ।

अन्तरक्रियामा वन डढेलोको कारण, यसको प्रभाव तथा रोकथामका उपायबारे छलफल गरिएको थियो । सहभागीले वन डढेलो नियन्त्रणमा सरकारी निकायसँगै स्थानीय समुदायको सक्रिय भूमिका अत्यन्त महत्त्वपूर्ण हुनेमा जोड दिएका थिए ।

यसै अवसरमा वन डढेलोसम्बन्धी तथ्यांक संकलन र सूचना व्यवस्थापनलाई व्यवस्थित बनाउन नयाँ डिजिटल प्रणाली पनि सञ्चालनमा ल्याइएको छ । जिल्लाभित्र रहेका छ वटै सवडिभिजन वन कार्यालयले वन डढेलोसम्बन्धी घटना भएको २४ घण्टाभित्र अनलाइन प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था मिलाइएको छ ।

'वन डढेलो रिपोर्टिङ २०८२/८३' नामक अनलाइन सिट सञ्चालनमा ल्याइएपछि डढेलोसम्बन्धी तथ्यांक समयमै संकलन हुने र आवश्यक निर्णय लिन सहज हुने अपेक्षा गरिएको छ । वन संरक्षण, जैविक विविधता र वातावरणीय सन्तुलन कायम राख्न वन डढेलो नियन्त्रण महत्त्वपूर्ण हुने भएकाले सम्बन्धित निकायले सबैलाई सतर्कता अपनाउन आग्रह गरेको छ । वन क्षेत्रमा डढेलो देखिएमा तत्काल जानकारी गराएर नियन्त्रणमा सहयोग गर्न स्थानीयवासीसँग अनुरोध गरिएको छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

## जनतालाई महँगीको...

अहिले समाजलाई अप्ठेरो परेको बेला भाडा बढाउन खोज्नु लुटतन्त्र मच्चाउनु हो,' अध्यक्ष महर्जनले भने ।

विभागले २०८१ पुसमा सार्वजनिक सवारीसधानको भाडा ३.३० प्रतिशतसम्म बढाएको थियो । त्यसपछि तेलको मूल्य तलमाथि भइरहे पनि एकैपटक पाँच प्रतिशतको सीमा नकटेका कारण भाडा बढाएको थिएन । इजरायल-इरान द्वन्द्वले जनतालाई चौ तर्फी मार परिरहेको बेला व्यवसायीले भाडा बढाउन खोज्ने उद्योगी महासंघहरु खारेज हुनुपर्ने महर्जनले बताए । 'ग्यासमा हेरे त्यस्तै छ । खाने तेलको मूल्य यही मौका छोपेर बढाएका छन् । जनताले यस्तो सास्ती खेपेको बेला हामीले पनि लुट्न पाउनुपर्छ भनेर लागेको यस्तो यातायात व्यवसायी महासंघ तत्काल खारेज गर्नुपर्छ,' महर्जनले भने । यस्ता खाले कदमले उपभोक्ता मारमा पर्ने उनको भनाइ छ ।

विगत लामो समयदेखि पार्टपुर्जाको मूल्यमा उच्च वृद्धि भए पनि सोही अनुसारको समायोजन नभएको व्यवसायीको गुनासो छ । अन्तर प्रदेशको भाडा समायोजन विभागले गर्छ भने प्रदेशभित्र सञ्चालन हुने सवारीसाधनको भाडा प्रदेश सरकारले निर्धारण गर्छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले प्रस्तावको अध्ययन गरी स्वीकृति प्रदान गरे लगत्तै विभागले नयाँ भाडादर सार्वजनिक गर्नेछ । मन्त्रालयबाट स्वीकृति प्राप्त भएपछि लामो दूरीका सवारीसाधनसँगै छोटो दूरीका सहरी यातायात र ढुवानीका सवारीसाधनकोसमेत भाडा वृद्धि हुने देखिएको छ ।

■■■

## प्रधानमन्त्री...

संविधानको धारा ७६ (१) अनुसार प्रतिनिधिसभामा स्पष्ट बहुमत प्राप्त दलको संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ, जुन प्रतिनिधिसभाको अन्तिम परिणाम घोषणा भएको ३५ दिनभित्र हुनुपर्छ ।

'संविधानमै छ कि निर्वाचन सम्पन्न भएको प्रतिवेदन राष्ट्रपतिलाई आयोगले बुझाएपछि औ पचारिक रूपमा सरकार गठनको प्रक्रिया सुरु भएको मानिन्छ र ३५ दिनभित्र नयाँ सरकार गठन गरिसक्नुपर्छ,' उनले भने ।

मौजुदा संविधान जारी भएको १० वर्ष भयो । यसपटकसमेत गरी तीनपटक भएको प्रतिनिधिसभा निर्वाचनमा पहिलोपटक धारा ७६ को (१) अनुसार सरकार गठन हुन लागेको छ । यो उपधाराअनुसार प्रतिनिधिसभामा एकल बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री हुन्छन् र सरकार गठन गर्छन् । यसपटक रास्वपाको झण्डै दुईतिहाइ (१८२ सांसद) बहुमतको सरकार बन्ने गणित छ । त्यसो हुनाले बलियो र स्थिर सरकार बन्ने सम्भावना छ ।

तर, बालेन रास्वपा संसदीय दलको नेता बनेका छैनन् । समानुपातिक सांसद सिफारिस गर्न र संसदीय दलको नेता चयन गर्न भन्दै आइतबार बैठक बस्ने भनिएकोमा सभापति लामिछाने र बालेन दुवै सहभागी भएनन् । दुवै बिरामी रहेको उपसभापति डोलप्रसाद अर्यालले मंगलबारदेखि नवनिर्वाचित सांसदहरूका लागि आयोजित अभिमुखीकरणमा भने ।

रास्वपा संसदीय दलको नेता चयन प्रक्रिया लामो छ । विधानमा भएका केही बाधा पुऱ्याउन सक्ने प्रावधानमा संशोधन गरेर बालेनलाई दलको नेता चयन गर्ने भनिएको छ । रास्वपा महामन्त्री कविन्द्र बुर्लाकोटीले बालेनलाई दलको नेता चयन सांसदहरूको शपथ ग्रहणपछि हुने बताए । 'सांसदको शपथपछि मात्र प्रधानमन्त्री चयन प्रक्रिया बढाउँछौं । सांसदहरूको शपथ लगत्तै बस्ने दलको बैठकले संसदीय दलको नेता चयन गर्छ,' मंगलबार उनले पत्रकारहरूसँग भने ।

यदि दलको नेता बालेन चयन भए उनलाई राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्रीमा नियुक्त गर्नेछन् । बालेन काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख हुन् । २०७९ को वैशाख ३० गते भएको निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित बालेन गत माघको पहिलो साता पदबाट राजीनामा दिएर संसदीय राजनीतिमा प्रवेश गरेका हुन् । २१ फागुनमा भएको निर्वाचनमा एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई फराकिलो मतान्तरले पराजित गरेका उनी संसदीय राजनीतिमा प्रवेश गरेको दुई महिनामै प्रधानमन्त्री बन्न लागेका हुन् ।

■■■

## मध्यपूर्वका सात...

केही मुलुकको श्रम स्वीकृति नवीकरण खुलेसँगै चरणबद्धरुपमा मध्यपूर्वको रोजगारी खुल्ने अनुमानसमेत गरिएको छ । सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यही हप्ताभित्र नभए पनि चाँडै युद्ध रोकिने दाबी गरेका छन् । यद्यपि, मध्यपूर्वमा इरानको मिसाइल तथा ड्रोन आक्रमण रोकिएको छैन ।

---

NEPAL WATER SUPPLY CORPORATION 2046

# Nepal Water Supply Corporation

**Branch Office Dhangadhi**

## Notice of the Intent of Acceptance

**(First Publication Date: 2082/12/04 (18 Mar, 2025)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the **Procurement of Works & Goods** as per the Invitation for Bids published in 2081/10/15 Through E-GP system: bolpatra.gov.np/egp, that the following listed Lowest Evaluated Substantially Responsive Bidders have been selected to award the contract.

| S. N | Contract Number | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Excluding VAT & PS) |
|---|---|---|---|
| 1 | NWSC-DHI/082/83/NCB/Works-04 | Tin Kunda International Pvt. Ltd | 3839104.00 |
| 2 | NWSC-DHI/082/83/NCB/Goods-02 | Amit Water Meter | 2039045.00 |

---

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

# राइजोवियम तथा घाँसेवाली बीउ बिजन प्रयोगशाला

जनकपुरधाम, धनुषा

## बोलपत्र आह्वान सम्बन्धि सूचना

**प्रकाशन मितिः २०८२/१२/०४**

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन (मिति २०८३/०१/०६ गते) को १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Work | Estimated Cost (w/o VAT and Contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | RGSL/NCB/Works/01-082/83 | Road Construction Works from Main Entrance Gate to office Building of Raijobium Office Janakpurdham, Dhanusha. | 21,49,081.94 | 65,000.00 | 3,000.00 |

---


## मलेसियामा रोजगार

कम्पनी : Sk Beauty Care

पूर्व स्वीकृति मिति : २०८२/१२/०३ | LT. No. 339818 | चलानी नं. ६०२५३४९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spa Cleaner | 5 | 0 | 1700 | ५६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ११ गते (25th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TRUST INTERNATIONAL OVERSEAS PVT. LTD.**
Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799
E-mail : trustinternational4415@gmail.com, website:www.trustintloverseas.com
Govt. License 1521/074/075


---

फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम
कोशी प्रदेश, नेपाल

## मनोसामाजिक परामर्सकर्ता करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८२/१२/०४**

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत यस फेदाप गाउँपालिकामा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह र सेवा सुदृढीकरण कार्यक्रम सञ्चालन गर्न मनोसामाजिक परामर्श सेवा प्रदान गर्नका लागि निम्नानुसार जनशक्तिको आवश्यकता परेको हुँदा योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ ।

| वि. नं. | पद/तह | पद संख्या | योग्यता |
|---|---|---|---|
| ११/२०८२-०८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौंतह) | १ | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ र नर्सिङ र मनोविज्ञान र सोसियल वर्कमा स्नातक तह उत्तीर्ण गरेको। • मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र पाएको र सोही क्षेत्रमा काम गरेको अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ। • कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको। |

१ **कार्य अवधिः** हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन मूंयांकनका आधारमा थप हुन सक्नेछ।
२ **परीक्षाको किसिमः** लिखित र अन्तर्वार्ता
३ **आवेदन दस्तुर** : रू. ७००/-
४ **दरखास्त फारमः** कार्यालयको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ ।
५ **दरखास्त दिने प्रकृयाः** स्वंयम उपस्थित भई कार्यालय समयभित्र कार्यालयमा दरखास्त दिन सकिने छ । वा नविल बैंक लि। फेदाप शाखाको गा. १.१ आन्तरिक राजश्व खाता नं. २३२०१०१७५०००४९ मा राजश्व जम्मा गरि सोको भौचर साथै आवश्यक कागजातहरू सहित फेदाप गाउँपालिकाको इमेल phedapruralmunicipality@gmail.com बाट समेत पेश गर्न सकिनेछ ।
६ **तलब तथा अन्य सेवा सुविधाः** नियमानुसार ।
७ **दरखास्त दिने मितिः** यो सूचना प्रकाशित भएको मितिले ७ दिन २०८२/१२/१० गते कार्यालय समयमा पेश गर्नुपर्नेछ।
८ **आवश्यक कागजातः** निवेदन-पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरू, कार्यअनुभव सम्बन्धी प्रमाण-पत्रको प्रतिलिपिहरू, तालिम प्रमाण-पत्रको प्रतिलिपिहरू।
९ **थप जानकारीको लागीः** ९८५२९८०६०० ।
१० **द्रष्टव्यः** रितपूर्वक पेश नभएको तथा म्याद नाघि आएको आवेदन उपर कुनै प्रकारको कारवाही गरिने छैन् । छनौट समितिले मापदण्ड पुरा गरेका आवेदकहरूलाई मात्र छोटो सूचिमा समाबेश गरिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---


## कुवेतमा रोजगार

कम्पनी : KARAK HOUSE RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/०३ | LT. No. 334285 | चलानी नं. ६०२४८१५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 5 | 150 | ७२,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ११ गते (25th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साइप्रसमा रोजगार

कम्पनी : P. Kyriacou @ Sons Ltd-Lic.23

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/०३ | LT. No. 327069 | चलानी नं. ६०२४१०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 20 | 400 | ६७,७६७ | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ११ गते (25th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ९०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kathmandu International Incorporate Pvt. Ltd.**
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : 9816501787, 9851009805 Email : kiimanpowernepal@gmail.com
श्रम ईजाजत नं. ४४१/०६०/६१

## कुवेतमा रोजगार

कम्पनी : JABATI RASHID SNACKS

पूर्व स्वीकृति मिति : २०८२/०८/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/०३ | LT. No. 334439 | चलानी नं. ६०२४८२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 20 | 0 | 150 | ७२,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Drivers | 15 | 0 | 150 | ७२,०१२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ११ गते (25th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## मलेसियामा रोजगार

कम्पनी : MCI PAINT SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०३ | LT. No. 340059 | चलानी नं. ६०२५३४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 2 | 0 | 1700 | ६३,९१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FERO MALTECH INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०३ | LT. No. 340060 | चलानी नं. ६०२५३४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Production Workers | 8 | 0 | 1700 | ६३,९१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ११ गते (25th March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

# शान्तिपूर्ण निर्वाचनमा सहयोग गरेकामा एमालेलाई आभार प्रकट



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सहयोग गरेकामा नेकपा एमालेलाई धन्यवाद दिएकी छन् ।

प्रधानमन्त्री कार्कीले धन्यवाद ज्ञापन गर्न एमाले नेतृत्वलाई मंगलबार बालुवाटार आमन्त्रण गरेकी थिइन् । प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार एमाले नेतात्रय ईश्वर पोखरेल, प्रदीप ज्ञवाली र महेश बर्तौला बालुवाटार आएका थिए ।

प्रधानमन्त्री कार्कीले शान्तिपूर्ण वातावरणमा निर्वाचन सफल पार्न भूमिका खेलेको भन्दै धन्यवाद दिइन् । उनले भनिन्, 'यो कठिन अवस्थालाई शान्तिपूर्णरूपमा निकास दिने एकमात्र विकल्प निर्वाचन नै थियो । राष्ट्रप्रतिको जिम्मेवारी सम्झेर यहाँहरूले जुन सहयोगी भूमिका खेलिदिए र निर्वाचनमा सक्रिय सहभागिता जनाइदिए, यसका लागि धन्यवाद दिन चाहन्छु ।' उनले निर्वाचनमा जित–हार भइरहने भएकाले एकपल्टको जनादेशबाट विचलित नहुन भन्दै एमाले नेतृत्वलाई सान्त्वना पनि दिइन् ।

प्रधानमन्त्री कार्कीले भनिन्, 'एकैपटकको जनमतले सधैंका लागि पार्टीहरूको हैसियत निर्धारण गर्दैन । भारतमा अटलविहारी बाजपेयी र इन्दिरा गान्धीका पालामा उनीहरूका पार्टीले बेहोरेको उतारचढाव पनि देखेकै छौं । राजनीति निरन्तरको अभियान भएकाले देश र जनताका मुद्दा बोकेर लागिरहनुहोस् ।'

एमाले नेताहरूले पनि सबै पक्षको चित्त बुझाउँदै शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराएकोमा प्रधानमन्त्री कार्की र उनी नेतृत्वको सरकारलाई बधाइ दिए । मुलुकलाई कठिन घडीमा नेतृत्व प्रदान गरी सर्वस्वीकार्य, शान्तिपूर्ण र लोकतान्त्रिक निकास दिएकामा धन्यवाद पनि दिए ।

उनीहरूले यसपटकको निर्वाचनमा प्रशासनको निष्पक्षता रहेको भन्दै सरकारको प्रशंसा पनि गरे । साथै यसपालिका चुनावी अभियान विगतभन्दा बढी स्वस्थ, शान्तिपूर्ण र कम खर्चिलो भएको अनुभव पनि सुनाएका थिए ।

# पेट्रोलियम पदार्थको मूल्यमा सहुलियत दिन आग्रह

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले पेट्रोलियम पदार्थको मूल्यमा सहुलियत दिन सरकारसँग आग्रह गरेका छन् । महामन्त्री पौडेलले मंगलबार एक भिडियो सन्देश जारी गरी मध्यपूर्वमा देखिएको द्वन्द्वको असरले नेपालमा महँगी बढ्न लागेको भन्दै त्यसलाई रोक्न पेट्रोलियम पदार्थमा सहुलियत दिन सरकारसँग आग्रह गरेका हुन् ।

उनले मध्यपूर्वमा देखिएको द्वन्द्वले पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुँदा यातायात क्षेत्रमामात्र नभएर सबै तिर यसको बहानामा मूल्यवृद्धि हुने खतरा बढेको बताए । 'विगत केही दिनदेखि मध्यपूर्वका देशमा भएका घटनाले हामीलाई प्रभाव पार्ने देखिएको छ, मोटरसाइकल चढेर हिँड्नेदेखि दूध लिएर घर जानेसम्मका जोकोहीको पनि खर्च बढेको छ, सबैतिर पेट्रोलियमको मूल्यवृद्धिलाई देखाएर मूल्यवृद्धि भयावह हुने सम्भावना बढेर गएको छ,' उनले भने । 'वैकल्पिक ऊर्जाबाट चल्ने गाडीमा प्रोत्साहित गर्नुपर्छ, यस्तै वैकल्पिक ऊर्जाको प्रयोगबाट पेट्रोलियम पदार्थको उपभोग न्यूनीकरण गर्न सकिने सबै स्थिति प्रयोगमा ल्याउन सक्नुपर्छ,' उनले थप भने ।


## दुर्गाथली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चौधारी बझाङ्ग
सुदूर पश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/०४)

यस कार्यालयबाट मिति २०८२/११/१५ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार निम्न ठेक्काको लागि रीत पूर्वक हुन आएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमका बोलपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपशिलः

| सि. न. | बोलपत्र नम्बर र कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (VAT र PS बाहेक) |
|---|---|---|---|
| १. | 02/GOODS/SQ/ DRM/2082/083 | Bastola Surgical Suppliers Bharatpur -8 Chitwan | 11,25,570.00/- |

प्रमुख प्रशासकिय अधिकृत


# चिनियाँ राष्ट्रपतिको पुस्तक जलाउनेलाई कारबाही गर्न गृहको निर्देशन

**काठमाडौं (प्रस)–** गृह मन्त्रालयले नेपाल–चीन सम्बन्धलाई असर पुर्‍याउने किसिमको घटनामा छानबिन गरी दोषीउपर कारबाही गर्न प्रहरीलाई निर्देशन दिएको छ ।

परराष्ट्र मन्त्रालयको पत्रानुसार विस्तृत व्यहोरा संलग्न पत्रबाट अवगत भएको र पत्रमा उल्लेख भएको घटनाका सम्बन्धमा छानबिन गरी दोषीलाई कारबाहीका लागि पठाइएको मन्त्रालयले उल्लेख गरेको छ । मोरङको मनमोहन टेक्निकल इन्स्टिच्युटमा चिनियाँ राष्ट्रपति सी चिनफिङको 'द गभर्नेन्स अफ चाइना' भन्ने किताब जलाएको विषयमा चीनले परराष्ट्र मन्त्रालयमार्फत ध्यानाकर्षण गराएको थियो । उक्त घटनाको छानबिन तथा कारबाही गर्न काठमाडौंस्थित जनवादी गणतन्त्र चीनको दूतावासबाट प्राप्त कूटनीतिक पत्रसहित परराष्ट्र मन्त्रालयले गृह मन्त्रालयलाई पत्राचार गरेको थियो ।

सोही पत्रउपर गृह मन्त्रालयले आवश्यक कारबाहीका लागि प्रहरीलाई पत्राचार गरेको हो । सो घटनाका सम्बन्धमा अनुसन्धान गर्न दोषीलाई कानुनी दायरामा ल्याउन मोरङको जिल्ला प्रशासन र प्रहरीलाई गृह मन्त्रालयले निर्देशन दिएको छ ।


## धितो लिलामीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८२/१२/०४ गते

यस संस्थाका तपलिमा उल्लेखित ऋणी तथा जमानीले यस संस्थाबाट कर्जा सेवा उपभोग गरेकोमा सो कर्जाको साँवा तथा व्याज तिर्न कैयौं पटक मौखिक, लिखित तथा सार्वजनिक सूचना गर्दा समेत ऋण चुक्ता गर्न वेवास्ता गरेकोले यो १५ दिने धितो लिलामीको सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थालाई तिर्नुपर्ने साँवा, व्याज, हर्जाना तथा अन्य दैदस्तुर भुक्तान गरेमा यो लिलामीको प्रकृया नै स्थगित गरिनेछ । तोकिएको म्याद भित्र पनि कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, नियमावली २०७५ तथा प्रचलित्त नेपाल कानुन बमोजिम लिलाम गरिने भएकोले लिलाम डाकबढावढ सकार गर्ने ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको १६ औं दिन (उक्त दिन बिदा परे भोलिपल्ट) बिहान ११:०० बजे संस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्वरा आव्हान गरिन्छ । धितो लिलाम बढाबढमा सबैभन्दा बढि कबोल गर्ने व्यक्तिले कबोल रकमको १०% नगदै सँस्थामा सोहि दिन धरौटी राख्नुपर्ने छ । कबोल रकमको बाँकी रकम सात दिन भित्र जम्मा गरिसक्नुपर्ने छ अन्यथा धरौटी रकम जफत हुनेछ । धितो लिलामी डाकबढावढ बोलकबोल कसैले नसकारेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम सँस्था आफैले धितो लिलाम सकार गर्ने छ । धितो लिलाम डाकबढावढबाट सँस्थाको लेना रकम नपुग भएमा ऋणी तथा जमानीको अन्य चलअचल सम्पतिबाट समेत उठाईलिनेछ ।

| ऋणीको विवरण | ऋणीको फोटो | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|
| **नामः राजेन्द्र प्रसाद आगन्जा**<br>बाबुको नाम: रत्न बहादुर<br>बाजेको नाम: न्हुच्छेमान आगन्जा<br>ठेगाना: भक्तपुर जिल्ला, झौखेल वडा नं.८,<br>हाल: चाँगुनारायण न.पा.२, आगन्जा टोल,<br>ना.प्र.न.२९-०१-०६६-००१९६ (भक्तपुर) |  | **नामः सुन्तली श्रेष्ठ**<br>बाबुको नाम: सानु श्रेष्ठ<br>पतिको नाम: राजेन्द्र प्रसाद आगन्जा<br>ठेगाना: भक्तपुर जिल्ला, झौखेल वडा नं.८,<br>हाल: चाँगुनारायण न.पा.२, आगन्जा टोल,<br>ना.प्र.न.-७५४७/१६७५(काभ्रे) |  |

**धितोको विवरण** : राजेन्द्र प्र. आगन्जाको नाममा रहेको काभ्रे जिल्ला, साविक चलाल गणेशस्थान-७, हाल बेथानचोक-४ मा रहेको कि.नं.कमशः ४३८ (३-१३-१-२), ४३९ (४-४-०-०), ४४० (४-४-०-०), ४४१ (१-८-०-०), ४४५ (७-२-३-२) र कि.नं.४४६ (२-०-०-०) का जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत)

**श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पिगलास्थान-०९, काठमाडौं । फोन नं. ०१-४५७३५७५, ४५८३२४५५
Email: shreeyantrasaccos@gmail.com



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

सूचना प्रकाशित मितिः २०८२/१२/०४

**टेक बहादुर रानाकी** छोरी, **श्री आइमान थापा मगरकी** छोराबुहारी, **श्री हस्त बहादुर थापा मगरकी** पत्नी **गण्डकी प्रदेश, गोरखा** जिल्ला **बारपाक सुलिकोट गा.पा.** वडा नं. ३ बस्ने **श्रीमती दिर्ग माया थापा भन्ने दिर्ग माया मगर्नीले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०२८५५** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/०७/३०** मा निज खातावाला **श्रीमती दिर्ग माया थापा भन्ने दिर्ग माया मगर्नीको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **छोरा** नाता पर्ने **श्री मन बहादुर थापा मगर**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्रीमती दिर्ग माया थापा भन्ने दिर्ग माया मगर्नीको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बर: ०१४५१८५८२
फ्याक्स:- ०१४५१८४५३



## Tikapur Municipality
## Office of The Municipal Executive
**Tikapur, Kailali**
**Sudurpashchim Province, Nepal**

### Invitation for Sealed Quotation

**First Date of Publication: - 18th Mar 2026(4th Chaitra 2082)**

1. **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailal**i invites Sealed Quotation from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S.N | Contract Identification Number | Name Of Project and Location | Estimated Amount (Without VAT& PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid DocumentNRs. |
|---|---|---|---|---|---|
| 2. | TMO/SQ/64/ WORKS/2082/083 | Construction of RCC Culvert at Bhartapur(Near Ram Prasad Chaudhary Home), Tikapur Municipality Ward No-06 | 1,249,601.94 | 37,000.00 | 1000.00 |

2. **Eligible Bidders may obtain further information at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali Or Telephone NO.:- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/ egp.**
3. **Interested bidders should submit only E-bid till 2nd April 2026 (19th Chaitra 2082) before 12:00 hrs. through PPMO e-GP System www.bolpatra.gov.np/ egp.. No Hardcopy will be entertained.**
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):-

**Name of Bank: - Nepal Bank Ltd., Tikapur, Branch.**
**Name of Office: - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali**
**Office Account No.: - 10703000001001000001**
**Revenue Heading No: - 14229**

5. Information to deposit the **Bid Security Amount** in Bank: -

**Name of Bank: - Nepal Bank Ltd., Tikapur, Branch.**
**Name of Office: - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali.**
**Office Account No.: - 10703000003000000001**
Or Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali (Mention Purpose of Deposit Stating Contract Identification Number clearly).

6. Bid Validity Period shall be 45 days from the date of Bid Opening and Bid Security Validity Period shall be 90 days from the date of Bid Opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid will be opened in the presence of Bidder›s representatives who choose to attend at **14:00 hrs. on 2nd Apr 2026(19th Chaitra 2082)** at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur Kailali.
9. The Employer reserves the right to accept or reject, wholly or partly, any or all bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
11. Any amendments on this notice shall be posted on office information board and on office website: www.tikapurmun.gov.np

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## बस भाडा बढाउने तयारी रोक

इजरायल–इरान द्वन्द्वका कारण अहिले विश्वमा तेलको ढुवानी रोकिने सम्भावना बढेको छ । अमेरिका र इजरायल मिलेर आफ्नो देशमाथि आक्रमण गरेपछि इरानले स्ट्रेट अफ हर्मुज बन्द गरिदिएको घोषणा गरेको छ । स्ट्रेट अफ हर्मुज यस्तो नाका हो, जहाँबाट विश्वभर खपत हुने कच्चा तेल साउदी अरेबिया, कतार, युएई, इरानलगायत देशबाट भारीमात्र ढुवानी हुने गर्छ ।

यो नाका खासगरी आफूविरोधी राष्ट्रका लागिमात्र इरानले बन्द गरेको हो । यसै कारण देखाउँदै विश्वव्यापीरुपमा पेट्रोलियम पदार्थको मूल्य बढेको छ । नेपालमा चैत १ बाट डिजेलको मूल्य प्रतिलिटर १० रुपैयाँ र पेट्रोलको मूल्य १५ रुपैयाँले बढेको छ । यही कारण देखाउँदै यातायात व्यवसायी महासंघले सर्वजनिक यातायातको भाडा बढाउन सरकारलाई दबाब दिएको छ ।

महासंघले भाडा समायोजन नियमित भनेको छ । जबकि इजरायल–इरान द्वन्द्व रोकिनासाथ पेट्रोलियम पदार्थको मूल्य स्वतः घट्ने छ । अहिले ग्यास नपाउँदा, तेल नपाउँदा र युद्धको असरका कारण नेपाली पनि आत्तिएका छन् । रोजगारीको ठेगान छैन । अर्थतन्त्र ओरालो लागेको अवस्था छ । यस्तो बेला यातायात व्यवसायीले जबरजस्ती भाडा समायोजन गर्न खोज्नु आफैंमा लुट मच्चाउने प्रयास हो ।

यातायातमा भाडा बढाएसँगै हरेक वस्तुको भाउ बढ्ने छ । सबै व्यवसायी यही कुरी बसेका छन् । जब बस भाडा बढ्छ तब हरेक उपभोग्य वस्तुको भाडा बढाउनेगरी व्यवसायीहरुले तयारी गरेका छन् । यसले जनजीवन प्रभावित पार्ने निश्चित छ । नेपालीको रोजगारीको विकल्प मानिएको खाडी राष्ट्र अहिले आतंकित छ । बेलाबेला हुने मिसाइल आक्रमणका कारण कतिबेला स्वदेश फर्कने भन्ने चिन्ता त्यहाँ रहेकाहरुमा छ । यता स्वदेशमा बिदा मनाउन र चुनावको बेला आएकाहरु नियमित उडान नहुँदा नेपालमै रोकिएका छन् ।

यी विषयले भोलिका दिनमा जागिर के होला ? कमाई के होला भन्ने चिन्ता नेपालीहरुमा देखिन्छ । यही मौका छोपेर यातायात व्यवसायीले भाडा समायोजन गर्न खोज्नु अविवेकी हुन्छ । यस्तो बेला व्यवसायीले सहुलियत दिएर सेवा दिनुपर्नेमा मौका छोपेर महँगी बढाउनु आफैंमा असहिष्णु कदम हो । यस विषय सरकारले पनि विशेष ध्यान दिनुपर्छ । विशेष अध्ययन गरी केही दिन पर्खेरमात्र यसमा सरकारले कदम चाल्नुपर्छ । द्वन्द्व साम्य भएपछि पनि पेट्रोलियम पदार्थको मूल्य नघटेमामात्र सरकारले यसमा यथोचित कदम चाल्नुपर्छ । अहिलेको अवस्थामा व्यवसायीको दबाबमा परी सार्वजनिक यातायातको भाडा बढाउनु भनेको जनतामाथि महँगीको भार थोपर्नु हो । यो काम सरकाले नगरोस् ।

श्रम सरोकार

## निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# इन्धनको खपत घटाउन जल र वन सम्पदाको उपयोग



❑ दामोदर खनाल

“ मुलुकमा वनजंगल, कृषि, पर्यटनमार्फत रोजगारी र आम्दानी बढाउन सकिने सम्भावना प्रशस्त छन् । देशमा पर्याप्तरूपमा वन जंगल सदुपयोग गरी देशमै पर्याप्त रोजगार दिन सकिने सम्भावना भए पनि विदेशी फर्निचरले केन्द्रदेखि स्थानीय तहका कार्यालयहरूसम्म प्रयोग भइरहेको छ । यहाँ प्रशस्त नदीनाला, वन जंगल प्राकृतिक सम्पदा छ । तर त्यसको समुचित प्रयोग हुन नसक्दा आमनागरिक आफूकहाँ भएको सम्पदाबाट फाइदा लिन सकिरहेका छैनन् । वनजंगल र नदीजन्य पदार्थमा तस्करको रजाइँ चलिरहेको छ । जसका कारण राज्यको ठूलो धन सम्पत्ति केही व्यक्तिको कमाइ खाने साधन बनेको छ भने अर्कोतिर राजस्व चुहावटसँगै ठूलो रकम विदेसिएको छ ।

पछिल्लो समय मध्यपूर्वमा बढ्दै गएको युद्धको असर नेपालमा पनि पर्न थालेको छ । मुलुक आयातमा निर्भर भएका कारण पनि खाना पकाउने एलपी ग्यासको अभाव, इन्धनको मूल्यवृद्धिले इरान, अमेरिका इजरायल युद्धको असर नेपाली भान्सा र बजार मूल्यमासमेत परिसकेको छ । यो युद्धको असर सिंगो खाडी मुलुकमा परिसकेको हुँदा युद्ध लम्बिन गए दशौं लाख नेपालीको रोजगारीमासमेत प्रभाव पर्न सक्ने देखिन्छ ।

नेपाल सम्भावना नै सम्भावना भएको मुलुक हो । यो देशको सम्भावना भनिसाध्य छैन । तर राज्य चलाउनेहरुको कमजोरीका कारण देशमै आवश्यक जल्दाबल्दा युवा शक्ति दैनिक हजारौंको संख्यामा विदेसिएका छन् । मुलुकमा वनजंगल, कृषि, पर्यटनमार्फत रोजगारी र आम्दानी बढाउन सकिने सम्भावना प्रशस्त छन् । देशमा पर्याप्तरुपमा वन जंगल सदुपयोग गरी देशमै पर्याप्त रोजगार दिन सकिने सम्भावना भए पनि विदेशी फर्निचरले केन्द्रदेखि स्थानीय तहका कार्यालयहरुसम्म प्रयोग भइरहेको छ । यहाँ प्रशस्त नदीनाला, वन जंगल प्राकृतिक सम्पदा छ । तर त्यसको समुचित प्रयोग हुन नसक्दा आमनागरिक आफूकहाँ भएको सम्पदाबाट फाइदा लिन सकिरहेका छैनन् । वनजंगल र नदीजन्य पदार्थमा तस्करको रजाइँ चलिरहेको छ । जसका कारण राज्यको ठूलो धन सम्पत्ति केही व्यक्तिको कमाइ खाने साधन बनेको छ भने अर्कोतिर राजस्व चुहावटसँगै ठूलो रकम विदेसिएको छ ।

### हामीसँगै छ विकल्प

प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएसँगै नयाँ सरकार गठनको तयारी चल्दै छ । झण्डै दुईतिहाइ बहुमत पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अबको सरकार चलाउने छ, जसको नेतृत्व गर्ने छन् रास्वपाका वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह । रास्वपाले उनलाई भावी प्रधानमन्त्रीको रुपमा अघि सारेर गत निर्वाचनमा सहभागी भएको थियो । त्यसैले अबको केही दिनभित्रै बालेन नेतृत्वको सरकार बन्ने छ ।

बालेन सरकारले नेपालमा रहेको जल सम्पदा र वन सम्पदाको भरपुर उपयोग गरी ग्यास र पेट्रोलियम पदार्थको आयात घटाएर ठूलो रकम विदेसिनबाट जोगाउन सक्नुपर्छ । तर त्यसका लागि दृढ इच्छाशक्ति र स्पष्ट योजना आवश्यक छ । जलविद्युत् पर्याप्त उत्पादन गरी सुपथ मूल्यमा उपलब्ध गराउन सके आमउपभोक्ताले विद्युत्को उपयोग बढाउने छन् । जसले गर्दा ग्यास आयातमा निकै कमी आउन सक्छ ।

पहाड र तराईका कतिपय भूभागका वनजंगलमा ढलापडा रुख र घनघोर जंगलहरु छन् । पुराना रुख काँटछाँट र वनजंगलको हाँगाहरु छाँटेर दाउरा बनाउन सकिन्छ । सुधारिएको चुलो प्रयोग गरी दाउरा बाल्ने परिपाटीको विकास गर्न सके यसबाट पनि हामीले ग्यास खपत कम गर्न सक्दछौं ।

उता दैलेखमा ग्यास र पेट्रोल भएको अनुसन्धानबाट पुष्टि भएको छ । नेपाल र चीन सरकारबीच भएको सम्झौताअनुसार पेट्रोलियम पदार्थ अन्वेषण गरिएको थियो । यहाँ पेट्रोलियम पदार्थ निकाल्ने वातावरण बनाउन सके मुलुकले धेरै लाभ लिन सक्छ । त्यस्तै हामीले विद्युतीय सवारीसाधको प्रयोग बढाएर पनि पेट्रोलियम पदार्थको प्रयोगमा कमी ल्याउन सक्छौं । अनि कतिपय काम शौर्य ऊर्जा उत्पादन गरेर पनि लिन सकिन्छ ।

### अमूल्य काठमा धमिराको रजाइँ

सरकारले विभिन्न ठाउँमा वन व्यवस्थापनका लागि वनमा रहेका बूढा रुखको व्यवस्थापन सुरु गरेपछि राजस्व बढ्नुका साथै वन तस्करी र चोरी निकासीमा केही कमी हुँदै आएको बताइएको छ । यद्यपि, वैज्ञानिक वन व्यवस्थापनका क्रममा काटेर राखिएका महत्त्वपूर्ण प्राकृतिक सम्पदा बूढा, पुराना र महत्त्वपूर्ण काठहरु समयमै बिक्री वितरण हुन नसक्दा महत्त्वपूर्ण आर्थिक सम्पदा घामपानीबाट सड्नुका साथै धमिराले खाएर माटोमा विलीन भइरहेको छ । यस्ता काठको समयमै उचित व्यवस्थापन नहुँदा विभिन्न जिल्लाका विभिन्न ठाउँमा वर्षौदेखि काठ सडिरहेको छ ।

करोडौं मूल्य पर्ने काठ वन कार्यालय र जंगल परिसरमै वर्षा र धमिराले नष्ट पार्दा पनि वन मन्त्रालय, मन्त्री र कार्यालयका कर्मचारीहरुको ध्यान जान सकेको देखिँदैन । सरोकारवाला निकायले यसको व्यवस्थापन गर्न चासो नदिएर हो वा दिएर पनि व्यवस्थित हुन नसकेको हो ? मुलुकको धेरै ठाउँका जंगलमा सडेका काठ, दाउरा, धमिरा र डढेलोले खाएका काठका गोलिया, ढलेका रुखको विजोग अवस्था देखिन्छ । अमूल्य काठ दाउरा धमिराले खाएर खोक्रो बनाएको छ ।

काठ कुहिनु, धमिराले खानु सामान्यजस्तै भएको छ । निम्न वर्ग र फर्निचर उद्योगलाई काठ दाउराको अभाव भएका बेला यो अपार सम्पत्ति त्यसै माटोमा परिणत भइरहेको छ । आमनेपालीले आफ्नो सामान्य घर गोठ निर्माणमा आवश्यक काठका लागि ठूलो धनराशी खर्च गर्न परिरहेको छ । अझ सरकारले कतिपय ठाउँमा काठ काट्न रोक लगाएपछि त कतिपय ठाउँमा शव जलाउने दाउराकोसमेत समस्या रहेको स्थानीयहरुको भनाइ छ । काठको टेण्डर हुने, घाटगद्दीबाट काठ उठाउने र बिक्री गर्ने काममा सरकारले काठ ओसारपसार र ढुवानीमा रोक लगाउने निर्णय गरेपछि अर्बौं रुपैयाँको काठ जंगलभित्रै थुप्रिएको छ ।

हुन त कतिपय ठाउँमा भएको वन विनासबारे छानबिन गर्न मन्त्रिपरिषद्ले वनविज्ञसहितको उच्चस्तरीय छानबिन समिति बनाएको थियो । तर, सरकारको स्पष्ट नयाँ नीति नआउँदा पुरानो जंगलमा काठ सड्ने स्थिति कायमै छ । देशभरका जंगलमा यस्ता ढलेका, सुकेका बूढा पुराना रुखहरु त्यसै अलपत्र परेका कारण अर्बौं अर्ब रुपैयाँको सम्पत्ति त्यसै नष्ट भएर गएको छ । यस्तो हुनुमा हाम्रा कर्मचारी र सरकार चलाउनेहरुकै दोष छ ।

यदि हामीमा काम गर्ने दृढ इच्छाशक्ति र निःस्वार्थ भावना हुने हो भने सहजै समस्या समाधान हुन सक्छ तर यही वनबाट कमाउन पल्केका सीमित व्यक्तिको स्वार्थका कारण समस्या सधैं बल्झिरहेको छ । कतिपय वनका पदाधिकारी र कर्मचारी जिम्मेवार नहुँदा हरियो वन तस्कर, बिचौलिया र केही नेता कर्मचारीको धन बनिरहेको छ ।

### राजस्व गुमाउँदै सरकार

फर्निचर व्यवसायीले दिएको जानकारीअनुसार मुलुकमा वार्षिक करिब सात खर्ब रुपैयाँबराबरको काठ उत्पादन क्षमता रहे पनि हाल करिब १८ अर्ब रुपैयाँबराबरको आयात भएको छ । वनबाट वार्षिक करिब नौ करोड क्युफिट काठ निकाल्न सकिने बताइन्छ । जसमध्ये छ करोड क्युफिट काठ मुलुकमै खपत हुने र बाँकी तीन करोड क्युफिट काठ निर्यात गरी राम्रो आम्दानी लिन सकिने सम्भावना रहेको छ । मुलुकमा त्यसै खेर गइरहेको काठलाई सुधारिएको चुलो निर्माण गरी सहर बजार तथा गाउँ घरमा इन्धनको रुपमा प्रयोग गर्न सके ग्यास आयातमासमेत कमी गर्न सकिन्छ । जसबाट ठूलो रकम विदेसिनबाट जोगिन्छ ।

अर्कोतिर बाँदर बढेर बालीनाली खाइदिने गरेका कारण कतिपय ठाउँमा मकै, फलफूललगायत अन्नबाली लगाउन छाडेका छन् । यसको नियन्त्रणका लागि ठाउँ-ठाउँमा दुई-चारवटा ठूलो प्लाइउड उद्योग स्थापना गर्न सके जंगल काँटछाँट गर्दा निस्केका सानातिना हाँगाबिगासमेत प्रयोग हुन सक्छ । यसले २०औं हजारका लागि रोजगारी सिर्जना गर्न सक्छ ।

नेपालको कानुन पनि बढो अजिबको छ । आफ्ना बारी खरबारीमा भएको हर्केका, हुर्काइएका एक-दुई रुख काट्न पऱ्यो भने पनि नानाथरी प्रक्रिया पार गर्नुपर्छ । देशमा काठ सडेर गएको छ तर चीन, मलेसियालगायतका मुलुकबाट भने खुलेआम फर्निचर भित्रिरहेको छ । सरकारी कार्यालयमा विदेशी चिल्ला फर्निचर सजिएका छन् । यसरी वार्षिक अर्बौं नेपाली रकम विदेसिनेगरी बाहिरी मुलुकको फर्निचर आयात गर्न नदिने नीति नियम बनाउने वा अधिक कर लगाएर स्वदेशी उत्पादनलाई जोड दिने थिति बसाल्न जरुरी छ । तर, कमिसनमा रमाएका केही व्यक्तिका कारण विदेशी फर्निचरको आयात रोकिएको छैन ।

वन र यसको सदुपयोगका सवालमा स्पष्ट नीति, नियम बनाएर अगाडि बढ्न सके यो जर्जर अर्थतन्त्रलाई वन क्षेत्रबाट ठूलो टेवा पुग्ने देखिन्छ । वनले काठ, दाउरा, जडीबुटी, घाँसपातजस्ता वस्तुको अतिरिक्त, खानेपानी, सिँचाइ, जलविद्युत्, पहिरो नियन्त्रण, कार्बन सञ्चितीकरण, जैविक विविधता, पर्यापर्यटन, वातावरण सन्तुलनजस्ता क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले वस्तु वा सेवा वा दुवैको दिगो आपूर्तिमार्फत आर्थिक एवं वातावरणीय योगदान पुऱ्याइरहेको छ । देशको आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय विकासमा वन क्षेत्र, संरक्षित क्षेत्रको योगदान महत्त्वपूर्ण रहेको तथ्य हाम्रो सामु छ ।

नेपालमा वन क्षेत्रले देशको कूल भू-भागको करिब ५० प्रतिशत ओगटेको छ । वन क्षेत्रबाट प्राप्त हुने वस्तु र सेवाबाट वातावरण सन्तुलन गर्दै आर्थिक लाभ लिन सकिने र देशलाई नै आर्थिक रूपले समृद्ध बनाउन सकिने प्रशस्त आधार र सम्भावना छ । यसका लागि राजनीतिक स्थायित्व, सरकार र सरोकारवालाको काम गर्ने इच्छाशक्ति र प्रतिबद्धता पहिलो सर्त हो ।

पाठक मञ्च

## संसद्मा युवा बाहुल्यता र नयाँ नेतृत्वको उदय

निर्वाचन आयोगले भर्खरै सार्वजनिक गरेको प्रतिनिधिसभा सदस्यहरूको अन्तिम नामावली र उमेर समूहको विवरणले नेपाली राजनीतिमा एक ऐतिहासिक मोडको संकेत गरेको छ । फागुन २१ गते सम्पन्न निर्वाचनपश्चात् गठन हुन लागेको २७५ सदस्यीय संसद्मा ४० वर्षमुनिका युवाहरूको बाहुल्यता देखिनु आफैंमा उत्साहजनक र सुखद पक्ष हो ।

आयोगको प्रतिवेदनअनुसार संसद्मा २५ देखि ७८ वर्ष उमेरसम्मका सांसदहरूको प्रतिनिधित्व हुने भएको छ । यसमध्ये १०२ जना अर्थात् कूल सांसद संख्याको ३७ प्रतिशत ४० वर्षमुनिका छन् । जसमा ३० वर्षमुनिका २६ जना र ३१ देखि ४० वर्ष उमेर समूहका ७६ जना रहनुले नीति निर्माणको उच्च तहमा ऊर्जावान् पुस्ताको प्रवेश भएको पुष्टि गर्छ । दशकौंदेखि ‘नेपाली राजनीति वृद्धहरूको क्लब’ भन्दै आएको आलोचनालाई यसपटकको नतिजाले कडा जवाफ दिएको छ ।

यस निर्वाचनको अर्को रोचक पक्ष भनेको राजनीतिक शक्ति सन्तुलनमा आएको ठूलो फेरबदल हो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ गरी कूल १८२ सिटसहित संसद्मा अभूतपूर्व बहुमत प्राप्त गरेको छ । यसले मतदाताहरू पुराना परम्परागत दलहरूको कार्यशैलीबाट आजित भई नयाँ र वैकल्पिक सोच खोजिरहेका छन् भन्ने स्पष्ट पारेको छ । कांग्रेस, एमाले, नेकपाजस्ता पुराना शक्तिहरूको उपस्थिति खुम्चिनुले लोकतन्त्रमा जनताको मत नै अन्तिम निर्णय हो भन्ने सत्य पुनः प्रमाणित भएको छ ।

संसद्को उमेर समूहलाई नजिकबाट हेर्दा ४१ देखि ५० वर्ष उमेर समूहका ८८ जना सांसदहरू सबैभन्दा ठूलो संख्यामा छन् । यो समूहले संसद्मा युवा र अनुभवी नेतृत्वबीचको पुलको काम गर्ने अपेक्षा गर्न सकिन्छ । यद्यपि, ७० वर्ष माथिका पाँच जना पाका सांसदहरूको उपस्थिति पनि अर्थपूर्ण छ । ७८ वर्षीय अर्जुननरसिंह केसी, परशुराम तामाङ, प्रमेश हमाल र महावीर पुनजस्ता व्यक्तित्वहरूको अनुभवले नयाँ सांसदहरूलाई संसदीय मर्यादा र विधिविधान बुझ्न मार्गदर्शन गर्ने छ ।

तर, संख्यात्मकरूपमा युवाहरूको बाहुल्यता हुनुमात्रै सफलताको ग्यारेण्टी होइन । संसद् भनेको केवल संख्याको खेलमात्र होइन, यो नीति, नियम र कानुन निर्माण गर्ने थलो हो । युवा सांसदहरूले ऊर्जासँगै अध्ययन, अनुसन्धान र संसदीय मर्यादालाई प्राथमिकता दिनुपर्ने देखिन्छ । निर्वाचनमा देखिएको उत्साहलाई कानुन निर्माण र जनसरोकारका मुद्दा सम्बोधनमा रूपान्तरण गर्नु उनीहरूको मुख्य चुनौती हुने छ ।

अन्तमा, यसपटकको मिश्रित संसद् (अनुभव र ऊर्जाको संगम) ले देशमा राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको ढोका खोल्ने विश्वास लिन सकिन्छ । मतदाताले दिएको यो शक्तिशाली जनमतलाई सम्मान गर्दै सबै दल र सांसदहरूले देशको बृहत्तर हितमा काम गरुन् भन्ने कामना गर्दछु ।

- राजेश तामाङ
धुलिखेल, काभ्रे

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । –संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# म्याग्दीको रणवाङ-दरवाङ खण्डको सडक अलपत्र



**म्याग्दी–** म्याग्दीको बेनी-दरबाङ सडक आयोजनाअन्तर्गत तेस्रो (रणवाङ-दरवाङ) खण्ड अलपत्र बनेको छ । रणनीतिक महत्त्वको बेनी-दरवाङ सडकको मंगला गाउँपालिका-२ रणवाङदेखि मालिकाको केन्द्र दरवाङ जोड्ने आठ किलोमिटर सडक स्तरोन्नति दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित छ वर्षअघि आयोजना सुरु भएको थियो ।

२०७६ जेठ ३१ गते निर्माण कम्पनी बिरुवा-क्याराभान र पूर्वाधार विकास कार्यालय म्याग्दीबीच २२ करोड ५७ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । २०७८ जेठमा सकिनुपर्ने योजनाको हालसम्म भौतिक प्रगति ८७ प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

रणवाङ-तोलावाङ खण्डमा गत वर्ष तीन किलोमिटर ३०० मिटर दूरीमा डिबिएसडी प्रविधिको कालोपत्र भएको थियो । ढाडखर्क, दरबाङ बजारमा पर्खाल, नाली तयार पार्ने कार्य अन्तिम चरणमा पुगेको छ । गत असार महिनायता सडक निर्माणको काम भएको छैन । यही चैत महिनासम्म ठेक्काको म्याद रहेको योजनाका ठेकेदारलाई काममा फर्कन लिखित र मौखिकरूपमा पटक-पटक ताकेता गरिएको पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख सिनियर डिभिजनल इन्जिनियर डा. महेन्द्र बानियाँले बताए ।

म्याग्दीको 'लाइफलाइन' मानिएको बेनी-दरवाङ सडक निर्माणमा भएको ढिलाइले यात्रुलाई सास्ती, दुर्घटनाको जोखिम र यातायात सञ्चालनमा असहज भएको छ । दुर्घटनाको जोखिम बढ्नाका साथै धूलोका कारण स्थानीयलाई सास्ती भएको यातायात व्यवसायी जीवन केसीले बताए ।

गण्डकी प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रमअन्तर्गतको यो सडक आयोजनामा ठेकेदारले निर्माण सामग्रीको व्यवस्थापन, मजदुर र उपकरण परिचालन गर्न नसक्दा सडक निर्माणमा ढिलाइ भएको स्थानीयवासीको गुनासो छ । निर्माण कम्पनी बिरुवा-क्याराभानका सञ्चालक चन्द्र थकालीले नदीजन्य निर्माण सामग्रीको अभाव, पर्याप्त बजेट विनियोजन नहुनु, सम्झौता लगत्तै कोरोना महामारी, विपद्लगायत कारणले ढिलाइ भएको बताए ।

एक-दुई दिनमै मजदुर र उपकरण ल्याएर आउन लागेको थकालीले बताए । अबको एक महिनाभित्र बाँकी काम सन्पन्न गर्ने उनले प्रतिबद्धता जनाए । बांगेपहिरो प्रभावित सडकलाई ठेक्काबाट हटाइएको छ ।

पहिरो बाहेकका ठाउँमा सडक फराकिलो बनाएर नाली र पर्खाल निर्माण सकिएको छ । गत आर्थिक वर्षमा एक करोड ५० लाख रुपैयाँ विनियोजन भएको यस योजनाका लागि प्रदेश सरकारले थप एक करोड ५० लाख रुपैयाँ रकमान्तर गरेर भुक्तानी गरेको थियो । चालु आर्थिक वर्षमा दुई करोड ५० लाख रुपैयाँ विनियोजन भएको छ । म्याग्दीमा यो आयोजनामा सबैभन्दा धेरै बजेट विनियोजन भए पनि आर्थिक वर्षको आठ महिनासम्म वित्तीय प्रगति शून्य छ ।

मंगला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने २४ किलोमिटर दूरीको बेनी-दरवाङ सडक २०६३ सालमा मार्ग खुलेको थियो । बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले पनि प्रयोग गर्ने मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प भएकाले यसलाई रणनीति महत्त्वका रूपमा मानिएको हो ।

बेनीबाट सिमसम्म १२.५ किलोमिटर चार वर्षअघि कालोपत्र भएको थियो । सिम-पानाबगर खण्डको चार किलोमिटर २०८१ जेठमा काम सकिएको छ । गण्डकी प्रदेशसभाका सांसद रेशम जुग्जालीले सहजीरण र समन्वय गरे पनि निर्माण कम्पनीले विभिन्न बहाना बनाएर सडक कालोपत्र गर्न ढिलाइ गरेको बताए ।

'आर्थिक वर्ष २०८०/८१ मा काम सम्पन्न गर्न पुग्नेगरी पाँच करोड रुपैयाँ विनियोजन गर्दा ठेकेदारले काम गरेन,' उनले भने, 'गत वर्ष विनियोजन भएको बजेट नपुगेपछि रकमान्तर गरेर भुक्तानीको व्यवस्था मिलाएका थियौं ।'

यस वर्ष विनियोजन भएको बजेट अपुग भएमा थप बजेट व्यवस्थाका लागि सरकारसँग पहल गर्ने प्रतिबद्धता जनाउँदै उनले निर्माण व्यवसायीले अधुरा कामलाई चाँडो पूर्णता दिनुपर्ने बताए । *रासस*

# मानवीय लापरवाहीबाट डढेलोको उच्च जोखिम

**म्याग्दी–** सुक्खायामसँगै म्याग्दीमा डढेलोको जोखिम बढेको छ । आगोको जथाभावी प्रयोगले वनजंगलमा डढेलोको जोखिम बढेको हो ।

आगलागीका घटनाले वनजंगलसँगै, वन्यजन्तु, जडीबुटी र पर्यावरणमा विनाश निम्त्याउने गरेको छ । डिभिजन वन कार्यालयका प्रमुख डिभिजनल वन अधिकृत वसन्तकेशव अधिकारीले ९६ प्रतिशत ढडेलोको कारण मानवीय लापरवाही भएको पाइएको बताए ।

'घाँस पलाउने बहाना, अवैध सिकार र आगोको जथाभावी प्रयोगले वनजंगलमा डढेलोको जोखिम बढेको हो,' उनले भने, 'खोरीया फडानी गरी खेती गर्न, हिंस्रक वन्यजन्तु धपाउन, वन्यजन्तुको सिकार, वन अपराध लुकाउन, वन कर्मचारी वा छिमेकी वन उपभोक्ता समूहसँगको रिसइवीका कारण डढेलो लगाउने गरेको पाइएको छ ।'



फागुन, चैत, वैशाख र जेठमा बढी डढेलो लाग्ने गरेको छ । रुख बिरुवा, जडीबुटी, वन्यजन्तु र पन्छीको वासस्थान डढेलोबाट नष्ट हुने गरेको छ । डढेलो निभाउने क्रममा विगतका वर्षमा मानवीय क्षति भएको थियो । म्याग्दी डढेलोको जोखिमका हिसाबले नेपालका ७७ जिल्लामध्ये ३०औं स्थानमा छ ।

आर्थिक वर्ष २०७९/८० मा १०२ ठाउँमा ७९० हेक्टर, २०८०/८१ मा १४५ स्थानमा ८९० हेक्टर र २०८१/८२ मा ११५ स्थानमा ८०५ हेक्टर वन डढेलोले क्षति गरेको डिभिजन वन कार्यालयको तथ्यांक छ । गोठालाले राम्रो घाँस पलाउँछ भनेर जंगल र भिरमा आगो लगाउने चलन छ । सिकारीले वन्यजन्तु र पन्छीलाई भगाउन डढेलो लगाउँछन् । चालु आर्थिक वर्षमा डढेलोको क्षतिको विवरण संकलन गर्न थालिएको वन अधिकृत चन्द्रमणि सापकोटाले बताए ।

जिल्लास्तरमा डढेलो रोकथाम तथा नियन्त्रण कार्ययोजना बनाएर सुरक्षा निकाय, प्रशासन, स्थानीय तह र सामुदायिक वन उपभोक्ता समूहसँग सहकार्य गरिएको उनले बताए । डढेलो लाग्न नदिन प्रतिकारात्मक र लागेको डढेलो नियन्त्रणमा लिन नियन्त्रणत्मक रणनीति बनाइएको छ । सम्भव भएको ठाउँमा मानवीय र भौतिक सम्पत्ति जोगाउने रणनीति लिइएको छ ।

वन उपभोक्ता र विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रमका साथै सुरक्षा निकायलाई डढेलो नियन्त्रणका लागि आवश्यक सामग्री उपलब्ध गराएको वन अधिकृत शान्तिकुमारी शाहीले बताए । उनका अनुसार डढेलो नियन्त्रणका लागि पानी संकलन र वन्यजन्तुलाई पानीका लागि मानव बस्तीमा आउन नपरोस् भनेर यस वर्ष छवटा सामुदायिक वनमा पोखरी निर्माणको तयारी भएको छ ।

जिल्लामा दुई लाख २९ हजार ७०६ हेक्टर क्षेत्रफल वनले ओगटेको छ । ३६.७६ प्रतिशत वन, १.८५ प्रतिशत झाडी र २१.२७ प्रतिशत चरन क्षेत्र छ । ३११ वटा सामुदायिक वन उपभोक्ता समूह छन् । *रासस*

# चिकित्सा शिक्षा अध्ययनको आकर्षण केन्द्र बन्दै कर्णाली स्वास्थ्य विज्ञान

**जुम्ला–** जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान पछिल्लो समयमा चिकित्सा शिक्षा अध्ययनको विद्यार्थीको आकर्षण केन्द्र बन्दै गएको छ । अहिले प्रतिष्ठानमा चिकित्सा शिक्षाअन्तर्गतको एमबिबिएसको अध्ययन गर्न छिमेकी देश भारतका पाँच जना विद्यार्थी भर्ना भएको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त निर्देशक कमल थानीले जानकारी दिए ।

प्रतिष्ठानले यो वर्ष चिकित्सा शास्त्रअन्तर्गत स्नातक (एमबिबिएस) पढ्नका लागि चिकित्सा शिक्षा आयोगले ५० जनाको कोटा निर्धारण गरेको थियो । जसमध्ये ४५



जना नेपाली विद्यार्थी र पाँच जना भारतीय विद्यार्थी गरी जम्मा ५० जना विद्यार्थी यो वर्ष भर्ना भएको कर्णाली स्वास्थ्य विज्ञापन प्रतिष्ठान जुम्लाका निर्देशक थानीले बताए ।

पहिलो वर्ष एमबिबिएस अध्ययन गर्नेका लागि चिकित्सा शिक्षा आयोगले २० जनाको कोटा निर्धारण गरेको थियो । दोस्रो वर्ष ३०, त्यसपछि तेस्रो र यो वर्ष ५०-५० जनाको कोठा दिएको प्रतिष्ठानका निर्देशक थानीको भनाइ छ । प्रतिष्ठानले एमबिबिएसको अध्यापन गर्न थालेको पनि चार वर्ष हुँदै छ र चौथो ब्याच पढ्न आएका विद्यार्थीलाई स्वागत गरिएको छ । चिकित्सक शास्त्रबाहेक अरू संकायअन्तर्गत बिपिएच, बि-फार्मेसी, बिएस्सी नर्सिङ र बिएनएसको २०-२० जनाको कोटा पाएको प्रतिष्ठानका निर्देशक थानीले जानकारी दिए ।

दुर्गम भौगोलिक अवस्थाका कारण वर्षौंसम्म विकासका अवसरबाट टाढा रहेको जुम्ला पछिल्लो समय चिकित्सा शिक्षा अध्ययनको नयाँ केन्द्रका रूपमा उभिन थालेको प्रतिष्ठानका उपकुलपति पुजन रोकायाले बताए । समग्र माथिल्लो कर्णालीको स्वास्थ्य सेवा प्रवाहसँगै चिकित्सा शिक्षा अध्ययनका लागि विद्यार्थीहरूको आकर्षणको केन्द्र प्रतिष्ठान बन्दै गएको उनको भनाइ छ ।

प्रतिष्ठानको नयाँ शैक्षिक सत्र २०८२ का लागि भारतका पाँच जनासहित कूल १३० जना विद्यार्थी विभिन्न संकाय स्वास्थ्यसम्बन्धी विषय अध्ययन गर्न प्रतिष्ठानमा भर्ना भएको प्रतिष्ठानका शिक्षाध्यक्ष डा. डबलबहादुर धामीले जानकारी दिए । प्रतिष्ठानमा अहिले एमबिबिएस, बिएनएस, बि-फार्मेसी, बिएससी नर्सिङ, बिपिएचलगायतका विषय अध्ययन हुने गरेको छ । *रासस*

# नवलपरासीपूर्वमा 'जापनिज इन्सेफ्लाइटिस' संक्रमणदर उच्च

**मध्यविन्दु (नवलपरासी)–** नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा जापनिज इन्सेफ्लाइटिसको संक्रमणदर बर्सेनि बढ्दै गएपछि ३५ वर्षमाथिका नागरिकलाई लक्ष्य गरी खोप अभियान सञ्चालन गरिएको छ ।

जिल्लाभर यही चैत १ गतेदेखि जापनिज इन्सेफ्लाइटिसविरुद्धको खोप अभियान सञ्चालन गरिएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख केशव चापागाईंले बताए । अभियानअन्तर्गत जिल्लाभित्रका ३५ वर्षमाथिका करिब एक लाख ५० हजारभन्दा बढी नागरिकलाई खोप लगाउने लक्ष्य राखिएको छ ।

'चालु आर्थिक वर्षमामात्र जिल्लामा जापनिज इन्सेफ्लाइटिसका १५ जना संक्रमित फेलापरेका छन्, तीमध्ये छ जनाको मृत्यु भइसकेको छ,' उनले भने, 'संक्रमणदर बर्सेनि बढ्दै जान थालेपछि नवलपरासी (बर्दघाट सुस्तापूर्व)लाई लक्षित गरेर खोप अभियान सञ्चालन गरिएको हो ।'

जिल्लामा रोगको जोखिम बढ्दै गएपछि यसको रोकथामका लागि खोप अभियान सञ्चालन गरिएको जनस्वास्थ्य अधिकृत प्रविणकुमार खनालले बताए । उनका अनुसार अभियानमार्फत जिल्लाका आठवटै स्थानीय तहमा खोप कार्यक्रम सञ्चालन भइरहेको छ ।

स्वास्थ्य कार्यालयका अनुसार नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा आर्थिक वर्ष २०७९/८० मा सात जनामा जापनिज इन्सेफ्लाइटिस पुष्टि भएकामा पाँच जनाको मृत्यु भएको थियो । त्यसै गरी आव २०८०/८१ मा आठ जनामा संक्रमण देखिएकोमध्ये एक जनाको मृत्यु भएको प्रदेश जनस्वास्थ्य कार्यालयले जनाएको छ ।

प्रमुख चापागाईंका अनुसार जापनिज इन्सेफ्लाइटिस क्युलेक्स नामक लामखुट्टेबाट सर्ने रोग हो । यी लामखुट्टे मध्यम आकारका, खैरो रङका र पेटतिर सेतो चिह्न भएका हुन्छन् । यिनीहरूले प्रायः घाम ढल्केपछि र अँध्यारो भएपछि टोक्ने गर्दछन् । विशेषगरी धानबालीमा जमेको पानी यस लामखुट्टेको प्रमुख बासस्थान हो । साउन, भदौ र असोजमा जापनिज इन्सेफ्लाइटिस बढी देखिने गर्दछ । *रासस*


## आई .सि. टि. सामग्री खरिद सम्बन्धी सिलबन्दी कोटेशन आह्वान सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/०४**

यस विद्यालयका लागि आई.सि.टि ल्याव स्थापना गर्न आई.सि.टि. सामग्रीहरु सिलबन्दी कोटेसन आह्वानको माध्यामबाट खरिद गर्नुपर्ने भएकाले उक्त कार्यका लागि इजाजतपत्र प्राप्त फर्म, कम्पनी तथा सप्लायर्सहरुबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र विद्यालय समयमा आई फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यावसाय दर्ता भएको प्रमाणपत्र एवं नवीकरकण प्रमाणपत्रहरु र प्रत्येक सामग्रीको क्याटलग समेत राखी विद्यालयको लेखाशाखामा रू. १०००/- (पछि फिर्ता नहुने गरी) बुझाई सिलबन्दी कोटेसन खरिद गरी रितपूर्वक भरी सिलबन्द गरेर पेस गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**आपुर्ति गर्नु पर्ने ससामग्री सम्बन्धी संक्षिप्त विवरण यस प्रकार रहेको छ : (कुल बजेट : १०,७६,८५०/-)**

| सामानको विवरण तथा गुणस्त | आवश्यक संख्या | सिलबन्दी कोटेसन खरिद गर्ने र बुझाउने अन्तिम मिति र समय | आवश्यक जमानत |
|---|---|---|---|
| डेष्स्टप कम्पूटर | ७ थान | (क) बुझाउने अन्तिम मिति र समय : २०८२/१२/१८ गते दिनको ४:०० बजे भित्र (सो दिन सार्वजनिक बिदा परेमा विद्यालय खुलेको दिन) | २६९२३/- (छब्बिस हजार नौ सय तेइस रूपैया मात्र) |
| इन्टरएक्टिभ बोर्ड (स्मार्ट) | ३ थान | | |
| साउण्ड सिस्टम | १ थान | | |
| (वस्तुको गुणस्तर उपलब्ध गराइएको स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ ।) | | | |

**कुञ्चिप्वाकल माध्यमिक विद्यालय**
**तारकेश्वर-१, काठमाडौं**
**सम्पर्क फोन नं: ९८४१४८४७२०, ९८४५००४३८१, ९८६१८४७७६५**



स्थानीय सरकार

## आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

आठविसकोट, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि सूचना

(प्रकाशित मितिः २०८२/१२/०४ गते)

यस कार्यालयबाट विभिन्न निर्माण कार्य र मालसासमान खरिदका लागि बोलपत्र आह्वान गर्ने राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दरखास्त परेका बोलपत्रहरू खोल्न गठित समितिले प्रस्तावदाता एवं आमन्त्रित पदाधिकारीहरूको रोहवरमा खोली मूल्यांकनका लागि मूल्यांन समितिमा पेश भई मूल्यांकन समितिले उक्त बोलपत्रहरूको प्राविधिक, आर्थिक तथा व्यापारिक पक्षको मूल्यांकन गरी पेश गरेको प्रतिवेदनको आधारमा तपसिलमा उलि्लखित प्रस्तावदाताको बोलपत्र स्वीकृतिको लागी छनौट गर्ने निर्णय गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उप दफा २ को प्रयोजनको लागी यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल**

| ठेक्का नं. | शिलबन्दी दरभाउपत्रको विवरण | स्वीकृत भएको फर्मको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ.कर सहित) |
|---|---|---|---|
| AMO/NCB/W-23/2082/083 | Khaula Khali Ranitakura Mulpani Matahi Pokhari Road Construction Work at Aathbiskot Municipality-14, Rukum (Western Part). | Abiral Nirman Sewa Pvt.Ltd., Tokha-8, Kathmandu | 10,91,633.14 |
| AMO/NCB/W-24/2082/083 | Construction of Petikhola Truss Bridge Work at Aathbiskot Municipality-09, Rukum (Western Part). | Kshetrapal Construction And Suppliers,Tokha-3,Kathmandu | 42,85,465.10 |
| AMO/NCB/W-25/2082/083 | Majhaanah-Jhudhnedhunga Sadak Punasthapana Tatha Estharuunati(Part-02) Work at Aathbiskot Municipality-04, Rukum (Western Part). | Mid Valley Engineering Consultancy And Construction Pvt. Ltd.,Chaurjahari-2,Rukum (Western Part) | 46,03,370.48 |
| AMO/NCB/W-26/2082/083 | Construction of Boundary Wall of Ward No. 10 office Building,Aathbiskot Municipality Rukum (Western Part). | Naruta Construction and Suppliers,Musikot-01, Rukum (Western Part) | 46,94,305.83 |

**ई.राजेश गौतम**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक





## बिन्ध्यवासिनी म्युजिक अवार्ड घोषणा

बिन्ध्यवासिनी म्युजिक अवार्डको १६ औं संस्करण २७ चैतमा आयोजना हुने भएको छ । सोहीअनुसार, मंगलबार सम्मान र पुरस्कार घोषणा गरिएको छ । अवार्ड समारोहमा संगीतकार शम्भुजीत बासकोटालाई एक लाख रूपैयाँ नगद र सम्मानपत्रसहित 'बिन्ध्यावसिनी म्युजिक लाइफटाइम अचिभमेन्ट अवार्ड २०८२' प्रदान गरिने भएको छ । ५० हजार रूपैयाँ नगद र सम्मानपत्रसहित 'संगीत साधना सम्मान २०८२' बाट गीतकार विजय शिवाकोटी र २५ हजार रूपैयाँ नगद तथा सम्मानपत्रसहित पत्रकार पवन आचार्यलाई बिन्ध्यावसिनी कला पत्रकारिता सम्मान २०८२ प्रदान गरिने भएको छ ।





# सकियो 'कार्की साइँला'को छायांकन

■ प्रभाव संवाददाता




**काठमाडौं–** राजेन्द्र बस्नेत निर्देशित फिल्म 'कार्की साइँला'को छायांकन सकिएको छ । सुटिङ थालेको २१ दिनमा फिल्मको छायांकन समाप्त भएको हो । निर्देशक बस्नेतले धनकुटाबाट छायांकन थालिएको यो फिल्म सुनसरीको चतहरा,बराहक्षेत्र आसपासमा सुटिङ गरिएको बताए । उनले एक महिनाको सुटिङ सेड्यूल राखेर काम गरिएको भएता पनि फिल्मका कलाकार र प्राविधिकहरुको अथाह मेहनतले समयभन्दा अगावै सकिएको जानकारी दिए ।

यस फिल्ममा जितु नेपाल,प्रियना आचार्य (मुन्नी), सुशील पोखरेल, बिरेन्द्र सिंह कुशहुवा, मान्शी शर्मा, मनिल तामाङ, रेणुका आचार्य, दिप्सन लिम्बु, रोदा राई, कमल देवकोटालगायतका कलाकारहरुले अभिनय गरेका छन् ।

यो फिल्ममा अभिनेता जितु नेपालको जोडीको रुपमा प्रियना आचार्य (मुन्नी' रहेकी छन् । उनीहरुको यो पहिलो फिल्मको सहकार्य हो । यसअघि प्रियनाले 'झरिपछिको इन्द्रेणी'मा अभिनय गरेकी थिइन् ।

बालकुमार राई निर्माता रहेको यस फिल्ममा कृष्ण भगत चाम्लिङ प्रस्तुतकर्ता रहेका छन् । फिल्मको मुख्य सहायक निर्देशक रोजल थापाको छ भने डम्बर राईले खिचेका छन् । कर्णबहादुर फिल्मस् प्रालीको व्यानरमा निर्माण हुने यस फिल्ममा द्वन्द किरण दाहालको छ भने संगीत दिप्सन लिम्बु, प्रोडक्सन सिबी भण्डारीको रहेको छ । फिल्मको प्रदर्शन मिति भने निर्माण टिमले घोषणा गरेको छैन ।

## रंगशाला

### पिएम कप क्रिकेट गण्डकी छनोट

# नवलपुरलाई हराउँदै कास्की च्याम्पियन

**कास्की (प्रस)–** पोखरामा सञ्चालन भएको प्रधानमन्त्री कप (पिएम कप) क्रिकेट गण्डकी प्रदेश छनोट प्रतियोगितामा घरेलु टोली कास्कीले उपाधि जितेको छ ।

पोखरा रंगशालास्थित क्रिकेट मैदानमा मंगलबार सम्पन्न फाइनल खेलमा नवलपुरलाई ४८ रनले पराजित गर्दै कास्की लगातार दोस्रो पटक च्याम्पियन बन्न सफल भयो । यसअघि अघिल्लो वर्ष समेत कास्कीले उपाधि आफ्नो पोल्टामा पारेको थियो । फाइनल खेलमा कास्कीले टस जितेर पहिले ब्याटिङ गर्दै ५० ओभरमा आठ विकेट गुमाएर २४० रन बनायो । उपाधिका लागि २४१ रनको विजयी लक्ष्य पछ्याएको नवलपुर ४३ ओभरको दोस्रो बलमा जम्मा १९२ रन बनाएर 'अलआउट' हुन पुग्यो ।

कास्कीको जितमा अर्जुन कुमाल नायक बने । उनले एक सय ३१ बलमा १११ रनको उत्कृष्ट शतकीय इनिङ खेल्दै टोलीलाई बलियो स्थितिमा पुऱ्याए । सुभास भण्डारीले ५३ बलमा ४२ रन बनाए । अन्तिम समयमा कृष्ण पौडेलले आक्रामक ब्याटिङ गर्दै १४ बलमा २७ रन जोड्दा टोलीको स्कोर प्रतिस्पर्धात्मक बनेको थियो ।

बलिङतर्फ नवलपुरका अपराजित पौडेल र कमल परियारले समान दुई/दुई विकेट लिए भने मुन्ना नेपाली र सुदीप अर्यालले एक/एक विकेट हात पारे । नवलपुरले सन्तोषजनक सुरुआत गरे पनि ठूलो साझेदारी गर्न सकेन । गौरव विश्वकर्माले २६ र अनिश गुरुङले १५ रन बनाए । दीपक डुम्रेले ३६ रनको योगदान दिए पनि अन्य ब्याटर टिक्न नसक्दा टोली दबाबमा परेको थियो ।

कास्कीका लागि कृष्ण पौडेलले चार विकेट तथा कप्तान विपिन खत्री र सुभाष भण्डारीले समान दुई/दुई विकेट लिए भने सिब्रिन श्रेष्ठले एक विकेट हात पारे ।

कास्कीका अर्जुन कुमाल 'प्लेयर अफ दि सिरिज' तथा प्रतियोगिताको उत्कृष्ट 'ब्याटर' समेत घोषित भए । अर्जुनले प्रतियोगितामा दुई सतकसहित ३२७ रन बनाए । प्रतियेगितामा सर्वाधिक १२ विकेट लिएका कास्कीका विपिन खत्री उत्कृष्ट बलर घोषित भए । गत फागुन २७ गतेदेखी सुरु भएको प्रतियोगितामा गण्डकी प्रदेशका छ जिल्लाको सहभागिता थियो ।

प्रतियोगितामा खेलाडीहरूले गरेको प्रदर्शनका आधारमा उत्कृष्ट २४ जना खेलाडी छनोट गरी उनीहरूलाई आसन्न प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि बन्द प्रशिक्षणमा सहभागी गराइने आयोजक प्रादेशिक क्रिकेट संघ गण्डकीका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए ।

# नेकोस अन्तर्राष्ट्रिय जुडोलाई जापान बी एण्ड टी ट्रेडिङको साथ

**काठमाडौं (प्रस)–** नेपाल खेलकुद महासंघ (नेकोस) अन्तर्गतको राष्ट्रिय जुडो संघ नेपालको आयोजनामा हुने नेकोस आठौं अन्तरराष्ट्रिय जुडो प्रतियोगितालाई बी एण्ड टी ट्रेडिङ कम्पनी लिमिटेड (होकाइडो, जापान) ले मुख्य प्रायोजन गर्ने भएको छ ।

आयोजकका अध्यक्ष धर्मकुमार श्रेष्ठ र बी एण्ड टीका प्रमुख कार्यकारी अधिकृत विष्णु गिरीले मंगलबार प्रतियोगिताबारे जानकारी गराउन आयोजित पत्रकार सम्मेलनमा सोसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरे । सम्झौताअनुसार बी एण्ड टीले आयोजकलाई २० लाख रूपैयाँ जापानी येन उपलब्ध गराउने छ ।

प्रतियोगितामा क्याडेट र जुनियर गरी ३५ स्पर्धा समावेश छन् । १८ वर्षमुनि क्याडेटको पुरुषमा ११ र महिलामा १० गरी २१ स्पर्धामा खेल हुनेछ । १८ देखि २१ वर्ष जुनियरको पुरुष/महिलामा समान ७-७ गरी १४ स्पर्धामा प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा नेपालबाट प्रदेश, जिल्ला, क्लब, स्कुल र डोजोका खेलाडी सहभागी हुनेछन् । विदेशी राष्ट्रमा भुटान र बंगलादेशका खेलाडीले भाग लिनेछन् । तीन राष्ट्रबाट जम्मा ३०० खेलाडीको सहभागिता रहने अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । शीर्ष तीन स्थान हात पार्ने टिमले क्रमशः १५ हजार, १० हजार र पाँच हजार नगद पुरस्कार प्राप्त गर्ने छन् ।

विगतका सातै संस्करणमा नेपालको बन्दी सहायता नियोग (पाम) टिम च्याम्पियन बनेको थियो । उत्कृष्ट दुई पुरुष र दुई महिला खेलाडीलाई जनही पाँच हजार नगदबाट पुरस्कृत गरिनेछ ।

अध्यक्ष श्रेष्ठका अनुसार सहभागी खेलाडी र अफिसियलको रु पाँच लाख बराबरको बिमा गरिएको छ । उनीहरूको खाना, बसोबास र यातायातको व्यवस्था पनि आयोजकले गर्नेछ । प्रतियोगिता सञ्चालन गर्न करिब रु ३१ लाख खर्च हुने बताइएको छ । तीनदिने प्रतियोगिताका खेल खुसीबुँस्थित बहुउद्देश्यीय मार्सल आर्ट्स केन्द्र (एमएमएसी) मा खेलाइने छन् । पहिलो दिन नौ तथा दोस्रो र तेस्रो दिन समान १३-१३ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ ।


## श्री कृष्ण माध्यमिक विद्यालय

**(सम्बन्धन उ.मा.शि.प तथा प्रा.शि व्या चा.प. वात थप कार्यक्रम समेत सञ्चालित)**

**कृष्णपुर-४, कञ्चनपुर (नेपाल)**

### क्याटलग/ब्रोसर सपिङ बिधिवाट भन्सार छुटमा बस खरिद गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०४ गते)**

यस श्री कृष्ण माध्यमिक विद्यालय कृष्णपुर-४, कञ्चनपुरको लागि आवश्यक भएको सवारी साधन (बस) सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (१४ संशोधन सहित) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन (बस) उत्पादन कम्पनी वा सो को आधिकारीक बिक्रेताहरु विच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिवाट खरिद गर्नु पर्ने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधन (बस) का उत्पादक वा आधिकारिक विक्रेताबाट उक्त सवारी साधन विक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात उक्त सवारी साधन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण सम्वन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मूल्य गुणस्तर तथा सुविधा सहित विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन १२:०० बजे सम्म यस विद्यालयमा निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली २०६४ (१४ औं संशोधन सहित) को नियम ३१ (ख) बमोजिम आह्वान गरिएको छ । पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन निवेदन पेश गर्न सकिने छ । थप जानकारीको लागि विद्यालयको Email:krishna hss2017@gmail.com वा फोन नं. ९८६५६७३५९९, ९८४८७८१४१७ मा सम्पर्क राख्न सकिने छ ।

| सि.नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १. | (50+D) School Bus (1) | Four Cylinder diesel engine, Gross Vehicle weight not less than 9500kg, 3200cc engine, maximum rate power output not less than 115 kw and maximum torqued not less than 450 Nm clearance not less than 180 mm | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical specification बमोजिम हुने छ । स्वीकृत Technical specification को लागि कार्यालयमा सम्पर्क गर्न सकिन् छ । |



## Divisional Forest Office, Sarlahi

### Invitation for Electronic Bids

**(First Date of publication: 2082/12/04)**

1. ***Division forest office, lalbandi,sarlahi*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***following projects*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at ***Divisional forest office lalbandi,sarlahi*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents from PPMO's Web Site www.bolpatra.gov.np./egp, up to 2083/01/04. Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal bank limited,Malangwa Name of Office: Divisional Forest Office,sarlahi
   Office Code no. : 3070119012 Office Account no.: 27102000001001000001
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Pre-bid meeting shall be held ***at 2082/12/22 at 2pm in office Divisional forest office,sarlahi***
5. Electronic bids must be submitted to ***Divisional forest office,sarlahi*** through PPMO website www.bolpatra.gov.np/egpon or before ***12 noon2083/01/04*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1 P.M. on 2083/01/04*** at ***Divisional Forest Office sarlahi***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Details of the contract is as follows :

| Contract Identification No. | Name of Project | Estimated amount without VAT, NRs | Bid document cost, NRs | Bid security amount, NRs | Work experiance in key activity |
|---|---|---|---|---|---|
| DFO/Sarlahi/NCB/ WORKS/01-82-83 | Ucha Prabidhiuktnursery Nirman/Staronnati | 5177235.77 | 3000 | 150000 | Not Required |

9. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-GP system by using the forms and instructions provided by the system. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
10. After the completion of evaluation of Technical Bids which are substantially responsive evaluated bidders, will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in national daily.
11. Other mandatory information will be as per Public Procurement Act 2063 and (PPA) and Public Procurement Regulation 2064 (Amended).

**Chief Officer**



## पकाहाँ मैनपुर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**पकाहाँ मैनपुर, पर्सा**

**मधेश प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०४**

यस कार्यालयबाट मिति २०८२/०९/२९ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार e-bidding मार्फत दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्ताब छनौट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ (५) अनुसार आर्थिक प्रस्ताब खोलि मुल्यांकन प्रयोजनार्थ सम्बिन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. र नाम | प्राबिधिक पक्षमा सारभूत रुपमा प्रभावग्राही सफल बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताब खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | 01/PMRM/NCB/W/2082/083 (Construction of adhuro Shree Ram Charitra Bhagat Higher Secondary School (First and second floor) at Pakaha Mainpur-3, Parsa. | १. Dibya Suryodaya/ Dwivedi JV, Birgunj-13, Parsa<br>२. PP Construction, Bindabasini-5, Parsa<br>३. Jaleshwor Nath/ Ashish JV, Kalaiya-11, Bara<br>४. Nitu/ DK Builders JV, Pakaha Mainpur-8, Parsa<br>५. Sushant/ Adhikari JV, Janakpurdham-1, Dhanusha<br>६. Syaran BG/ Shristi Builders JV, Birgunj-11, Parsa<br>७. Thapa Brothers Drilling/Devdham Construction JV, Kathmandu | पकाहाँ मैनपुर गाउँपालिका, पकाहाँ मैनपुर, पर्सा २०८२/१२/११ दिनको १:०० बजे |

**असफल बोलपत्रदाताको नाम र ठेगाना**

- Emanat/ Jagdamba JV, Kathmandu-32

**प्रमुख प्रशासकीय अधिकृत**




भारतको अहमदाबादस्थित एक डिलरमा खाना पकाउन प्रयोग हुने एलपी ग्यास लिन सिलिण्डर लाइनमा राखेर पालो पर्खिरहेका नागरिक ।
*तस्विरः एपी*

# मध्यपूर्वमा द्वन्द्व चर्किंदै, लाखौं मानिस विस्थापित

**संयुक्त राष्ट्रसंघ–** मध्यपूर्व क्षेत्रमा बढ्दो द्वन्द्वका कारण नागरिक र पूर्वाधारमाथि गम्भीर असर परिरहेको भन्दै संयुक्त राष्ट्रसंघले मानवीय संकट झन् गहिरिँदै गएको चेतावनी दिएको छ ।

संयुक्त राष्ट्रसंघको मानवीय मामिला समन्वय कार्यालयले इरान र लेबनानमा स्वास्थ्य सेवा पूर्वाधारमा ठूलो क्षति पुगेको जनाएको छ । इरानी रेड क्रिसेन्ट सोसाइटीका अनुसार इरानमा २३० भन्दा बढी स्वास्थ्य संस्था र ३० भन्दा बढी एम्बुलेन्स तथा स्वास्थ्य सेवा सवारीसाधन क्षतिग्रस्त वा नष्ट भएका छन् । साथै केही स्वास्थ्यकर्मीको मृत्यु र घाइते भएको पनि जनाइएको छ ।

यसैबीच, लेबनानमा दुई साताको अवधिमा स्वास्थ्य सेवामाथि २८ वटा आक्रमण भएको विश्व स्वास्थ्य संगठनले जनाएको छ । ती घटनामा कम्तीमा ३० जनाको मृत्यु र ३५ जना घाइते भएका छन् ।

संयुक्त राष्ट्रसंघका विभिन्न निकायहरूले प्रभावित नागरिकलाई सहायता उपलब्ध गराइरहेका छन् । विश्व खाद्य कार्यक्रम, शरणार्थीसम्बन्धी एजेन्सी र बाल कोषलगायत संस्थाले आठ लाखभन्दा बढी तातो खाना वितरण गरेका छन् । साथै कम्बल, म्याट्रेस, सुत्ने म्याट र अन्य आश्रय सामग्री पनि वितरण गरिएको छ । लेबनानको दक्षिणी क्षेत्रमा ठूलो संख्यामा मानिस विस्थापित भइरहेका छन् । सरकारी तथ्यांकअनुसार आठ लाख ३० हजारभन्दा बढी मानिस विस्थापित भएका छन्, जसमा करिब दुई लाख ९० हजार बालबालिका छन् । *रासस/सिन्ह्वा*



## नागरिक पूर्वाधार लक्ष्यमा

**दोहा, कतार–** कतारले मंगलबार आफ्नो राजधानी दोहामा मिसाइल आक्रमण रोकिएको घोषणा गरेको छ ।

कतारको रक्षा मन्त्रालयले आफ्नो सशस्त्र बलहरूले देशमा लक्षित मिसाइललाई सफलतापूर्वक अवरोध गरेको जनाएको छ । समाचार पत्रकार हरूले दोहामा विष्फोटजस्ता आवाजहरू सुनेको जानकारी दिएका छन् ।

संयुक्त अरब इमिरेट्सको सबैभन्दा बढी जनसंख्या भएको सहर दुबईमा पनि तीनपटक विष्फोटजस्ता आवाजहरू सुनेको रिपोर्ट आएको छ । त्यहाँका नागरिकलाई सुरक्षा चेतावनी दिइएको थियो, जसले तत्काल सुरक्षित स्थानमा जाने निर्देशन दिएको थियो ।

यी घटनाहरू इरानको बढ्दो आक्रमण अभियानको हिस्सा हुन् । गत महिनादेखि इरानले अमेरिका र इजरायलको हवाई हमलापछि बदलास्वरूप गल्फ देशहरूमा मिसाइल र ड्रोन हमला सुरु गरेको छ । यस क्रममा कतार र संयुक्त अरब इमिरेट्सलाई समेत निशाना बनाइएको छ ।

इरानी हमलाहरूले सैन्य लक्ष्यमात्र होइन, नागरिक पूर्वाधार, जस्तैः विमानस्थल, तेल उत्पादन सुविधा, बन्दरगाह र प्रसिद्ध स्थलहरूलाई पनि निशाना बनाएको छ । दुबईको विमानस्थलमा यी हमलाका कारण केही समयका लागि उडानहरू स्थगित गर्नुपरेको छ । *रासस/एएफपी*

पाकिस्तान-अफगानिस्तान द्वन्द्व

# अस्पताल नष्ट, हजारौं नागरिक प्रभावित



**काबुल, अफगानिस्तान–** अफगान सरकारले सोमबार राति काबुल अस्पतालमा पाकिस्तानको हवाई आक्रमणमा कम्तीमा ४०० मानिस मारिएको दाबी गरेको छ ।

उक्त घटना पछिल्लो महिनाको अन्त्यमा सुरु भएको सीमा विवादलाई तीव्र बनाउने किसिमको छ, जसमा बारम्बार सीमा पारको भिडन्त र हवाई आक्रमण भएका छन् । अन्तर ाष्ट्रिय समुदायले शान्ति वार्ता र युद्धविरामको आह्वान गरे पनि त्यसको कुनै असर नभएको देखिएको छ ।

अफगान उपप्रवक्ता हम्दुल्लाह फिटरतका अनुसार आक्रमण राति ९ बजे अस्पतालमा भएको थियो र दुई हजार बेड क्षमता भएको अस्पतालको ठूलो भाग ध्वस्त भएको छ । अहिलेसम्म कम्तीमा ४०० मानिस मारिएको छ भने २५० भन्दा बढी घाइते भएका छन् । स्थानीय सञ्चारमाध्यमले सुरक्षा अधिकारीहरूले शव व्यवस्थापन गर्दै र दमकलले आगो निभाउँदै गरेको दृश्य देखाएका छन् ।

### पाकिस्तानको प्रतिक्रिया

पाकिस्तानले अस्पतालमा कुनै आक्रमण नभएको दाबी गर्दै अफगानिस्तानको आरोपलाई अस्वीकार गरेको छ । प्रधानमन्त्री शहबाज शरीफका प्रवक्ता मोषर्रफ जैदीले यसलाई आधारहीन भनेका बताए । पाकिस्तानका सूचनामन्त्री अताउल्लाह तरारले हवाई आक्रमण केवल काबुल र नंगरहर प्रान्तका सैन्य संरचना र गोला बारूद भण्डारमा लक्षित भएको बताए । उनले भने, 'सबै आक्रमण त्यस्ता संरचनामामात्र केन्द्रित गरिएको थियो जुन अफगान तालिबानले आफ्नो आतंककारी समूहलाई समर्थन गर्न प्रयोग गर्दै आएको थियो ।'

### संयुक्त राष्ट्रको आह्वान

सुरक्षा परिषदले अफगानिस्तानका तालिबान नेतृत्वलाई आतंकवाद नियन्त्रणका लागि तुरुन्त कदम चाल्न आह्वान गरेको छ । पाकिस्तानले अफगानिस्तानमाथि आफ्ना देशमा पाकिस्तानी तालिबान र अन्य समूहलाई शरण दिएको आरोप लगाएको छ, जुन अफगान सरकारले अस्वीकार गरेको छ । *रासस/एपी*

## संयमता अपनाउन चीनको आह्वान

**बेइजिङ–** चीनले अफगानिस्तान र पाकिस्तानलाई शान्त रहन संयमता अपनाउन र जतिसक्दो छिटो वार्ता गरी युद्धविराम गर्ने चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले मंगलबार आह्वान गरेका छन् ।

हालैको अफगानिस्तान-पाकिस्तान द्वन्द्वका बारेमा पत्रकारहरुसँगको साक्षातकारको क्रममा उनले यस्तो बताएका हुन् । अफगानिस्तान र पाकिस्तान छिमेकीहरु एक अर्काबाट टाढा रहन नसकिने उल्लेख गर्दै लिनले उनीहरूका समस्या समाधानका लागि संवाद र परामर्श एकमात्र प्रभावकारी उपाय भएको बताए ।

चीनले अफगानिस्तान र पाकिस्तानलाई चिनियाँ कर्मचारी, परियोजना र संस्थाहरूको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको लिनले पुष्टि गरे । चीनले तनाव कम गर्न र अफगानिस्तान र पाकिस्तानबीचको सम्बन्ध सुधार गर्न रचनात्मक भूमिका खेल्न जारी पनि उनले बताएका छन् । रासस/सिन्ह्वा

# कू पछिको संसद्मा जुन्ताको पकड

**नेपिडो (म्यान्मा)–** सन् २०२१ को सैन्य कूपछि पहिलोपटक सोमबार म्यान्माको संसद् बैठकमा बसेको छ । तर संसद्को नयाँ संरचनामा सैन्य नेतृत्व र त्यसका राजनीतिक सहयोगीहरूको स्पष्ट प्रभुत्व देखिएको छ, जसलाई विश्लेषकहरूले सेनाको शासनलाई वैधानिकता दिन खोजिएको कदमका रूपमा व्याख्या गरेका छन् ।

राजधानी नेपिडोस्थित संसद् भवनमा भएको बैठकमा अधिकांश सांसद सैन्य समर्थक युनियन सोलिडेरिटी एण्ड डेभलपमेन्ट पार्टी (युएसडिपी)का रहेका छन् भने बाँकी ठूलो हिस्सा संविधानअनुसार आरक्षित गरिएको सेनाका प्रतिनिधिहरूको रहेको एएफपीका पत्रकारहरूले देखेका छन् । संविधानअनुसार संसद्को करिब एक चौथाइ सिट सिधै सेनालाई दिइन्छ ।

संसद्को तल्लो सदन 'पिपुल्स एसेम्बली'ले बैठक सुरु गर्दै युएसडिपीका सांसद नन्द क्याव स्वारलाई सभामुखका रूपमा निर्वाचित गरेको छ । यो बैठक सैन्य शासनले आयोजना गरेको चरणबद्ध निर्वाचनपछि बनेको संसद्को पहिलो औपचारिक अधिवेशन हो ।

म्यान्मामा सन् २०२० को आमनिर्वाचनमा आङ सान सुकी नेतृत्वको पार्टीले ठूलो जित हासिल गरेको थियो । तर सेनाले व्यापक मतदाता धाँधली भएको आरोप लगाउँदै २०२१ मा सत्ता कब्जा गरेको थियो । त्यसपछि सुकीलाई पक्राउ गरिएको थियो, उनको पार्टी विघटन गरिएको थियो र देश गृहयुद्धमा धकेलिएको थियो ।

पाँच वर्षसम्मको सैन्य शासनपछि जुन्ताले गत डिसेम्बर र जनवरीमा चरणबद्धरूपमा चुनाव आयोजना गरेको थियो । तर लोकतन्त्र समर्थक समूहहरूले ती निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष नभएको भन्दै कडा आलोचना गरेका थिए । आलोचकहरूका अनुसार मतदानको विरोधलाई गैरकानूनी बनाइयो र सेनासँग निकट राजनीतिक शक्तिहरूलाई जित सुनिश्चित गराउने वातावरण तयार पारियो ।

संसद्मा जुन्ता समर्थक सांसदहरूले आफ्नो सिट लिएपछि सन् २०२० मा निर्वाचित भएर निर्वासनमा रहेका केही सांसदहरूले समानान्तर बैठक आयोजना गरेका छन् । उनीहरूले आफूहरूले गठन गरेको 'राष्ट्रिय एकता सरकार' (एनयुजी) नै म्यान्माको वैधानिक सरकार भएको दाबी गर्दै आएका छन् ।

एनयुजीका कार्यवाहक अध्यक्ष दुवा लाशी लालाले अनलाइन बैठकमार्फत जुन्ता नेतृत्वले आयोजना गरेको निर्वाचनलाई 'नक्कली प्रतिनिधित्वमार्फत जनतालाई भ्रममा पार्ने प्रयास' भएको बताए । उनका अनुसार सैन्य नेतृत्वले यस्तो प्रक्रियामार्फत अन्तर्राष्ट्रिय वैधता खोजिरहेको छ । उनले यसलाई सामान्य राजनीतिक विकासका रूपमा लिनु नहुने चेतावनी दिए । *रासस/एएफपी*

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/०४ गते**

यस कम्पनीको मिति २०८२/१२/०१ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **युनि ब्रिज ग्लोबल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१२/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **क्याटालिस्ट ग्लोबल पाथवे प्रा.लि. (प्रा.लि.नं. १३१६३७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०६७/०९/०७ मा दर्ता भएको प्रा.लि.नं. ७८७०२ को **सरस्वती बिजनेश प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सियान सीड सर्भिस सेण्टर लिमिटेड, काठमाण्डौको शेयर विक्रि सम्बन्धी सूचना**

(प्रकाशित मितिः २०८२/१२/०४)

यस कम्पनीका संस्थापक शेयरधनी श्री हरि प्रसाद भट्टराईले आफ्नो नाममा दर्ता रहेको ४००० कित्ता शेयर प्रति कित्ता कर सहित रु. २६०।०० मा विक्रि गर्न पाउं भनि संचालक समिति समक्ष निवेदन दिनु भएको हुंदा कम्पनी ऐन २०६३ अनुसार कम्पनीमा हाल कायम रहेका शेयरधनीहरुलाई पहिलो प्राथमिकता दिई शेयर विक्रि गर्नु पर्ने ब्यवस्था बमोजिम २०८२ आषाढ मसान्तसम्म मौजुदा शेयरधनीहरु मध्ये इच्छुक शेयरधनीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफूले खरिद गर्न चाहेको शेयर संख्या र रकम खुलाई चन्द्रागिरि नगरपालिका-७ स्थित कम्पनीको रजिष्टर्ड कार्यालय निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ । साथै विद्यमान कायम रहेका शेयरधनीहरुवाट खरिदका लागि कुनै निवेदन प्राप्त नभएमा अन्य ब्यक्ति वा संस्थालाई उक्त शेयर विक्रि गर्न सकिने समेत यसै सूचनावाट जानकारी गराइन्छ ।

थप जानकारीको लागि कार्यालयको फोन नं ०१ ४३१०२४५ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

Government of Nepal (GoN)
Likhu Tamakoshi Rural Municipality
Dhobi Bazar, Ramechhap

**Invitation for Bids**

Date of Publication: 18-03-2026 10:00 A.M.

1. Likhu Tamakoshi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of the projects mentioned below under NCB Bidding Procedures. All other information and Bid Documents can be downloaded from PPMO website **www.bolpatra.gov.np/egp.** All the eligible bidders are requested to submit E-bid only as per Instruction with in mentioned period.

| S.N | Contract Identification No | Name of Project | Estimated Amount, With PS NRs (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Rs.) | Bid Document Fee | Pre Bid Meeting Date | Deadline for Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | LTRM/NCB/WORKS/09/2082/083 | Dhobi Bazar Solid Waste Management Project, Likhu Tamakoshi Rural Municipality Ward no.3&5, Ramechhap | 12,834,114.23 | 4,20,000.00 | 3,000.00 | 01-04-2026 12:00 | 17-04-2026 12:00 | 17-04-2026 14:00 |

2. Bidders should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank** : Nepal Investment Bank Ltd.
**Name of Office** : Likhu Tamakoshi Rural Municipality
**Office Account no** : 07001400250016
**Rajaswa (revenue) Accont Name** : Ga 1 1 Aantarik Rajaswa Khata

3. For Evaluation Criteria, please refer the respective Bid Document in PPMO website www.bolpatra.gov.np/egp
4. Likhu Tamakoshi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Act.Chief Administrative Officer**
**Likhu Tamakoshi Rural Municipality**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०९९०० | प्रति तोला – ० | प्रति तोला – ५३३५ |



**लालीगुराँस मोह** | लमजुङको राइनास नगरपालिका-९ स्थित राईनासकोटमा फुलेको राष्ट्रिय फूल लालीगुराँससँग रमाउँदै पर्यटक। यहाँ फुलेको लालीगुराँस हेर्न, भिडियो र तस्बिर खिच्न दैनिक पर्यटकको घुइँचो लाग्ने गरेको छ। *तस्बिर : जनक श्रेष्ठ/रासस*

## २८ खर्ब ७८ अर्ब नाघ्यो सरकारी ऋण

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को सुरुमा कुल सार्वजनिक ऋण रु २६ खर्ब ७४ अर्ब चार करोड रहेकोमा फागुन मसान्तसम्ममा रु २८ खर्ब ७८ अर्ब २९ करोड पुगेको छ। पछिल्लो आठ महिनामा मात्र रु दुई खर्ब चार अर्ब २४ करोड सरकारी ऋण थपिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार यो अवधिसम्ममा सरकारले रु १३ खर्ब ४८ अर्ब ११ करोड ५७ लाख आन्तरिक र रु १५ खर्ब ३० अर्ब १८ करोड बाह्य ऋण तिर्न बाँकी रहेको छ। कुल सार्वजनिक ऋणमा फागुन मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३ दशमलव १६ र आन्तरिक ऋणको हिस्सा ४६ दशमलव ८४ प्रतिशत रहेको छ। हालसम्मको कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४७ दशमलव १३ प्रतिशत हुन आउँछ।





सरकारले चालु आर्थिक वर्षका लागि रु पाँच खर्ब ५९ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकामा फागुन मसान्तसम्ममा रु दुई खर्ब ९५ अर्ब १९ करोड ऋण उठाइसकेको छ। जुन वार्षिक लक्ष्यको ५० दशमलव ४४ प्रतिशत हो।

चालु आर्थिक वर्षका लागि आन्तरिकतर्फ रु तीन खर्ब ६२ अर्ब ऋण उठाउने लक्ष्य रहेकामा हालसम्म ६७ दशमलव ३१ प्रतिशत अर्थात् रु दुई खर्ब ४३ अर्ब ६६ करोड बराबर उठिसकेको छ।

त्यस्तै, बाह्यतर्फ रु दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख ऋण उठाउने लक्ष्य रहेकामा फागुन मसान्तसम्ममा २४ दशमलव ३१ प्रतिशत अर्थात् रु ५६ अर्ब ८० करोड मात्रै उठेको छ।

त्यस्तै, सरकारी ऋणको साँवा-ब्याज तिर्नका लागि यस वर्ष सरकारले रु चार खर्ब ११ अर्ब एक करोड विनियोजन गरेकामा फागुन मसान्तसम्ममा रु दुई खर्ब ४२ अर्ब २६ करोड भुक्तानी भइसकेको छ। यो वार्षिक विनियोजनका आधारमा ५८ दशमलव ९४ प्रतिशत हो। कुल गार्हस्थ्य उत्पादनको आधारमा माघ मसान्तसम्मको कुल ऋण सेवा खर्च तीन दशमलव ९७ प्रतिशत रहेको कार्यालयले जनाएको छ।

## चैते धानको समर्थन मूल्य तोक्न अध्ययन सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं –** कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको कृषि विभागले चैते धानको समर्थन मूल्य तोक्न अध्ययन थालेको छ। विभागले किसानलाई उचित मूल्य सुनिश्चित गर्न विभिन्न २५ जिल्लामा स्थलगत अध्ययन थालेको हो।

अध्ययनका क्रममा धानको उत्पादनमा लाग्ने खर्च तथा बीउ, मल, श्रम, मुद्रास्फीति र बजार मूल्यको विश्लेषण गरी उत्पादनलागत आधारमा न्यूनतम समर्थन मूल्य निर्धारण गरिने विभागले जनाएको छ। विभागको टोलीले स्थलगत अध्ययन गरेपछि निर्धारण गरिने वैज्ञानिक मूल्य कृषि तथा पशुपक्षी विकास मन्त्रालयमा सिफारिस गरेर पठाइने विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिए।

स्थलगत अध्ययन प्रक्रियाले किसानद्वारा उत्पादित धानको सही मूल्य सुनिश्चित गर्न सहयोग गर्ने उनले विश्वास व्यक्त गरे। मन्त्रालयले उत्पादन लागत, ढुवानी खर्च, बजार मूल्य तथा अन्य सान्दर्भिक आधार समेटेर प्रतिक्विन्टल मूल्य प्रस्ताव गर्ने विभागका महानिर्देशक सञ्जेलले बताए।

'उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस हुन्छ। त्यसपछि मन्त्रिपरिषद्बाट निर्णय भएपछि सार्वजनिक गरिनेछ। सोही आधारमा धानको चिस्यान मापदण्डसमेत मूल्यांकन गरिनेछ', विभागका महानिर्देशक प्रकाश सञ्जेलले भने।

धानको १८ प्रतिशतसम्म चिस्यान भएमा तोकिएको मूल्य लागू हुने जनाउँदै उनले १८ प्रतिशतभन्दा बढी चिस्यान भएमा तौल घटाउने नियम लागू गरिने उल्लेख गरे। उनका अनुसार सम्पूर्ण प्रक्रिया पूरा भएपछि मन्त्रिपरिषद् बैठकले मूल्य तोक्नेछ। यसरी तोकिएको मूल्य आधिकारिक रूपमा सार्वजनिक गरिने विभागका महानिर्देशक सञ्जेलले जानकारी दिए।

सरकारले तोकेको मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत धान खरिद हुने जनाएको छ। सरकारले गत वर्ष प्रतिक्विन्टल दुई हजार ८०० समर्थन मूल्य तोकेको थियो।

## नेप्से परिसूचक १३ अंकले बढ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार दोहोरो अंकको सुधार देखिएको छ। नेप्से परिसूचक १३ दशमलव ५१ अंकले बढेर दुई हजार ८१२ दशमलव ३४ बिन्दुमा कायम भएको छ।

३४० कम्पनीको तीन करोड ४८ लाख ५२ हजार ७६० कित्ता शेयर एक लाख छ हजार १४० पटक खरिद-बिक्री हुँदा रु १२ अर्ब तीन करोड ४४ लाख छ हजार ३२८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा बैंकिङ शून्य दशमलव ८४, विकास बैंक शून्य दशमलव ६४, जलविद्युत् एक दशमलव ५९, लगानी शून्य दशमलव ६१, उत्पादन तथा प्रशोधन शून्य दशमलव २९ र म्युचुअल फन्ड शून्य दशमलव ३६ प्रतिशले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ। वित्त शून्य दशमलव १९, होटल तथा पर्यटन शून्य दशमलव १७, जीवन बिमा शून्य दशमलव ३१, लघुवित्त शून्य दशमलव २६, निर्जीवन बिमा शून्य दशमलव ०३, व्यापार शून्य दशमलव २१ र अन्य समूह शून्य दशमलव १० प्रतिशतले घटेको छ।

रिलाइन्स स्पिनिङ मिल्स लिमिटेड र सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने एनआइसी एसिया ग्रोथ फन्ड-२ को शेयर मूल्य चार दशमलव ७४ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै रिदी पावर कम्पनी लिमिटेडको रु ५६ करोड ३७ लाख ६१ हजार ७२५ बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै शिवश्री हाइड्रोपावर लिमिटेडको १९ लाख २३ हजार ७४ कित्ता शेयर किनबेच भएको छ।

## कर्पोरेट

### डोलेश्वर भिलेज रिसोर्टको आइपिओ आउँदै





**काठमाडौं (प्रस)–** डोलेश्वर भिलेज रिसोर्ट एण्ड फार्म हाउस ले प्रारम्भिक सार्वजनिक निष्कासन (आईपिओ) गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया अघि बढाएको छ। कम्पनीले सार्वजनिक शेयर निष्कासनका लागि नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्ने तयारी गरिरहेको जनाएको छ। कम्पनीको मंगलबार सम्पन्न विशेष साधारण सभाले जारी पूँजीको ३० प्रतिशत बराबर १६,२०,००० कित्ता साधारण शेयर प्रति कित्ता रु. १०० का दरले प्रारम्भिक सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणमा वितरण गर्ने प्रस्ताव पारित गरेको छ।

वि.सं. २०७६ सालदेखि सञ्चालनमा रहेको उक्त रिसोर्ट भक्तपुर जिल्लाको डोलेश्वर क्षेत्रमा करिब १० रोपनी क्षेत्रफलमा फैलिएको छ। चारतारे होटलमा स्तरोन्नति हुने प्रक्रियामा रहेको रिसोर्ट आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको प्रमुख गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ। प्राकृतिक सौन्दर्यसँगै अत्याधुनिक सुविधा सहितको आरामदायी बसोबास, विवाह, ब्रतबन्ध, सेमिनार, गोष्ठी तथा पिकनिक जस्ता विभिन्न कार्यक्रमका लागि उपयुक्त स्थलका रूपमा परिचित यस रिसोर्ट प्रसिद्ध डोलेश्वर महादेव मन्दिरबाट करिब २०० मिटरको दूरीमा अवस्थित रहेको छ। कम्पनीले आईपीओ निष्कासनका लागि बिक्री प्रबन्धकको रूपमा सिटिजन्स क्यापिटल लिमिटेडलाई नियुक्त गरिसकेको छ। साथै, केयर रेटिङ नेपालले कम्पनीलाई बि प्लस रेटिङ प्रदान गरेको छ।

### एभरेस्टको ऋणपत्र लक्ष्मी क्यापिटलमार्फत निष्काशन हुँदै

**काठमाडौं (प्रस)–** एभरेष्ट बैंक लिमिटेडको तीन अर्ब रुपैयाँ बराबरको ऋणपत्र निष्काशन तथा बिक्री प्रबन्ध गर्न लक्ष्मी सन्‌राइज क्यापिटल लिमिटेडललाई नियुक्त गरेको छ।

बैंकले 'एभरेष्ट बैंक लिमिटेड ऋणपत्र २०८८' जारी गर्न लागेको हो। बैंकको प्रति कित्ता एक हजार रुपैयाँका दरले ३० लाख युनिट ऋणपत्र बिक्री गर्ने जनाएको छ। जसमध्ये ४० प्रतिशत अर्थात एक अर्ब २० करोड बराबरको १२ लाख युनिट सर्वसाधारणलाई र बाँकी ६० प्रतिशत एक अर्ब ८० करोड बराबरको १८ लाख युनिट व्यक्तिगत तबरबाट बिक्री गरिने बैंकले जनाएको छ। ६ वर्ष अवधिको उक्त ऋणपत्रमा वार्षिक ६.२५ प्रतिशतका दरले ब्याज



भुक्तानी अर्धवार्षिक रुपले ६/६ महिनाको अवधिमा हुनेछ।

उक्त सम्झौतामा एभरेष्ट बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ्ग र लक्ष्मी सन्‌राइज क्यापिटल लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत विजय लाल श्रेष्ठले हस्ताक्षर गरेका थिए।

### एनआइसी एसियाको लिलाम बिक्रीबारे जानकारी पोर्टलमार्फत





**काठमाडौं (प्रस)–** एनआईसी एशिया बैंक लिमिटेडको नाममा रहेका बैंकिङ्ग सम्पत्तिहरु, गैर बैंकिङ्ग सम्पत्ति तथा धितो सुरक्षणमा रहेको सम्पत्तिसमेतको लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारी गराउने उद्देश्यले एक अनलाईन पोर्टल सार्वजनिक गरिसकिएको छ।

बैंकले सञ्चालनमा ल्याएको यस अनलाईन पोर्टल मार्फत बैंकले लिलाम बिक्री गर्ने सम्पत्तिहरु सम्बन्धी सम्पूर्ण सूचनाहरूको बारेमा विस्तृत जानकारी समेटिएको छ। यसको लागि ग्राहक महानुभावहरुले लिलाम बिक्री सम्बन्धी प्रकाशन गरिएको सूचनामा रहेको क्युआर कोड स्क्यान गरी आउने पोर्टलभित्र लिलाम बिक्रीमा रहेका सम्पत्तिहरूको कित्ता नं. तथा क्षेत्रफल सहितको विवरण, फोटो, नक्सा एवं उक्त सम्पत्तिको स्थान (लोकेशन) पहिचानका लागि गुगल म्याप सहितका विविध जानकारीहरू प्राप्त गर्न सकिनेछ।

यसरी ग्राहक महानुभावहरूले बैंकले लिलाम बिक्रीमा राखिएको सम्पत्तिको सम्बन्धमा खरिद गर्न चाहेको सम्पत्तिको बारेमा थप जानकारी लिन आवश्यक भएमा सोही सम्पत्ति विवरण रहेको ठाउँमा उपलब्ध म्यासेज बक्समा आफ्नो पूरा नाम, इमेल ठेगाना, मोबाइल नम्बर, सम्पर्क ठेगाना राखी म्यासेज समेत पठाउन सकिने व्यवस्था बैंकले गरेको छ।

### मन्जुश्रीको 'ग्लोबल मनी वीक-२०२६' सुरू





**काठमाडौं (प्रस)–** मन्जुश्री फाईनान्स लिमिटेडले ग्लोबल मनी वीक २०२६ को सुरुवात आफ्नो चितवन क्लस्टरको शाखाहरु मार्फत प्रभात फेरी बाट गरेको छ। विश्वभरि नै मनाईने ग्लोबल मनी वीकको सप्ताहमा मन्जुश्री फाईनान्सले आफ्ना सम्पूर्ण शाखाहरुबाट कार्यक्रमको आयोजना गरेको जानकारी गराएको छ। यस ग्लोबल मनी वीक २०२६ को मूल आधार स्मार्ट मनी टाल्क्स भन्ने अभिप्रायलाई लिएर विभिन्न संघ संस्था तथा युवालाई मध्येनज°र गर्दै विभिन्न स्कूल तथा कलेजहरुमा कार्यक्रमको व्यवस्था गरिने छ।

हालसम्म करिब २४ अर्ब निक्षेप संकलन तथा २०.६ अर्ब कर्जा प्रबाह गरेको यस मन्जुश्री फाईनान्सले २८ ओटा शाखाको साथै एउटा विस्तारित काउन्टरबाट आफ्नो ग्राहकहरुलाई उत्कृष्ट बैंकिंग सेवा उपलब्ध गराईरहेको छ भने १ लाख ८ ७ हजार भन्दा अधिक सन्तुष्ट ग्राहकवर्गलाई सेवा दिदै आइरहेको छ। यसअघि मन्जुश्री फाईनान्सले आफ्ना ग्राहकहरु माझ मञ्जुश्री भर्चुअल क्रेडिट कार्ड को सेवा पनि उपलब्ध गराउदै आइरहेको छ।

### प्राध्यापकका लागि सबलीकरण गोष्ठी



**मणिग्राम (प्रस)–** रूपन्देहीको मणिग्रामस्थित राममणि बहुमुखी क्याम्पसले प्राध्यापकहरूको सबलीकरणका लागि २ दिने गोष्ठी क्याम्पसमा सम्पन्न गरेको छ। 'प्राध्यापकहरूका लागि शिक्षण विधि र सूचना प्रविधि' विषयक कार्यशाला गोष्ठीमा त्रिभुवन विश्वविद्यालयका सह-प्राध्यापक विष्णुप्रसाद वाग्ले र उपप्राध्यापक उज्ज्वल अधिकारीले सहजीकरण गरेका थिए।

सो अवसरमा सह प्राध्यापक वाग्लेले बदलिँदो समय बमोजिम विद्यार्थीका बदलिएका मनोविज्ञान समेतलाई ध्यानमा राखेर परिणाममुखी प्राध्यापन गर्नु अहिलेको आवश्यकता रहेकोमा जोड दिएका थिए। त्यस्तै, अर्का सहजकर्ता अधिकारीले सूचना प्रविधिको उच्चतम विकाश भैरहेको अवस्थामा प्राध्यापकहरूले त्यसलाई समेत आत्मसात गर्दै सीपयुक्त जनशक्ति उत्पादनबारे प्रकाश पारेका थिए।

त्यसअघि गोष्ठी उद्‌घाटन गर्दै क्याम्पस सञ्चालक समितिका सदस्य तारानाथ कण्डेलले थप प्राज्ञिक विकासका लागि कार्यक्रम फलदायी बताए। उपप्राध्यापक मुक्तिनाथ गैह्रेको सञ्चालनमा भएको कार्यक्रममा बोल्दै क्याम्पस प्रमुख तारा प्रसाद पराजुलीले परिणामुखी शिक्षण सिकाई थप चुनौतीपूर्ण बन्दै गएकाले प्राध्यापन शैली समेत अद्यावधिक गर्दै लैजानुपर्ने बताए।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ